# परिच्छेद एक परिचय

## १.१ अध्ययनको पृष्ठभुमी

दन्द्ध एक गहन विषयवस्तु हो र संसारमा जुनसुकै ठाउँमा कुनै न कुनै विषयमा दन्द्ध चलिरहेको हुन्छ । दन्द्ध भन्ने वित्तिकै त्यसलाई नकरात्मक रुपमा मात्र हेरिनु हुदैन । सकरात्मक दन्द्धकै काखबाट संसार आजको विकसित रुपमा आइसकेको हो । दन्द्ध मानिसको चेतनाको उपज हो । परिर्वतनको बाहक हो । अग्रगामी रुपान्तरणको प्रकृया हो । आफ्नो उदेश्य पुर्तिका लागि आफ्ना विरोधिहरूलाई तह लागाउने एउटा प्रकृया दन्द्ध हो ।  कुनै कारण नभइ दन्द्ध हुदैन । जव केही कारण सृजना हुन्छ वा नव व्यक्तिले राखेको उदेश्य सजिलै पुरा गर्न सत्तैन त्यस बेला दन्द्ध हुन्छ । दन्द्धले हिंसा जन्माउन सक्छ। दन्द्ध सधै रक्तपातपूर्ण हुन्छ भन्ने पनि छैन । वैचारिक दन्द्ध पनि हुन्छ । जे जसो दन्द्ध भए पनि समाजमा हुने सामाजिक दन्द्धको प्रभाव विद्यालयमा पनि पर्ने भएकाले विद्यालयमा दन्द्ध व्यस्थापन गर्न आवश्यक हुन्छ (उप्रेती, तोमनाथ, शिक्षा शैक्षिक पत्रिका २०६४)।

द्धन्द सिद्धान्तका जन्मदाताका रुपमा कार्लमार्क्स चिनिन्छन् उनले प्रतिपादन गरेको द्धन्द सिद्धान्त जर्मन दाशनिक हिगेलको सिद्धान्तमा आधारित छ  तर पनि मार्क्स र हिगेलको द्धन्द सिद्धान्तमा अत्यधिक फरक छ । यी दुबै सिद्धान्त एक आपसमा विपरित छन् । कार्ल माक्सले समाजलाई द्धन्दात्मक रुपमा व्यख्या गरे भौतिकवादको आधारमा द्धन्दात्मकवादलाई अगाडि सारे, वर्ग वा विचारवादको प्रतिपादन गरे भने हिगेलले मानव तथा सारा व्रमाण्डको अस्तित्वनै विवेक नकरात्मक भएको हो भन्ने आधार राख्छन् । विवेक नहुने हो भने मानवको अस्तित्व खतरामा पर्छ । त्यसैले मानवको अस्तित्व र व्यक्तित्व दुवै सर्वव्यपक तथा विध्न आत्माको प्रतिविम्व हो भन्दै द्वन्दवारे आ-आफ्ना धारणा प्रष्ट गरेका छन सन १८१८ देखि दन्द्ध सिद्धान्तको प्रतिपादन भएको पाइन्छ । जसरी व्यक्ति वा समूह सहयोग स्नेह, पारस्परिक सहायता र रुचीको सामनजस्यस्ता विना बाच्न सक्तैन त्यसै गरी समाजको संरचनामा द्वन्द्ध अपरिहार्य छ द्वन्द्धले समाजका इकाइहरुलाई सक्रिय बनाउछ । (ढकाल माधव प्रसाद शिक्षाको आधार २०६३)

सामाजिक विभेदिकरणको सिद्धान्त अनुसार समाजमा द्धन्द हुने प्रमुख कारण भनेको संम्पती शक्ति र इज्जत हो, समाजमा कतिपय यस्ता पक्षहरु छन जसका कारण समाजका सबै सदस्य समान हुदैनन् । अर्थिक भौतिक धार्मिक  व्यवसायिक पेशागत लैङ्गिक शारीरिक बनावट आदि पक्षहरु छन । ती सबै व्यक्तिमा एक समान हुदैनन् प्रत्येक व्यक्तिमा भिन्न भिन्न विशेषता हुन्छन्। त्यसकारण यिनै असमानताका कारण समाजमा भिन्न भिन्न समूहमा विभाजन गर्ने आधारहरू धनी, गरिव, शिक्षाका आधारमा शिक्षित, अशिक्षित, लिङ्गको आधारमा महिला, पुरुष, वर्णको आधारमा कालो, गोरो, दक्षतका आधारमा दक्ष, अदक्ष, सांस्कृतिक आधारमा धर्म, रीतिरिवाज मान्ने पद्धति मान सम्मान इज्जतका आधारमा, उचाई मोटाईको आधारमा, अग्लो , होचो, बलियो दुव्लोको आधारमा जब मानिसहरुमा विभेद उत्पन्न हुन्छ त्यही द्वन्द्धको शुरुवात हुन्छ । जसको प्रभाव विद्यालयमा पनि पर्न सक्छ। सामाजिक विभेदिकरणले दन्द्ध निम्त्याउने तत्वहरु आर्थिक, राजनैतिक, सास्कृतिक, लैगिङ्क, शैक्षिक आदिलाई मूल रुपमा माने पनि कालमार्क्सले सामाजिक विभेदिकरणबाट दन्द्ध उत्पन्न हुने मूल तत्व आर्थिक संरचनालाई मान्दछन । समाजलाई माथिल्लो र तल्लो एकाईमा बाड्ने जुन समतालीय विभाजन छ यसैबाट द्वन्द्ध बढ्न जान्छ । आर्थिक स्तरका आधारमा मानिसहरुमा गरिने विभेद नै दन्द्ध हो । जुनसुकै क्षेत्रहरुमा पनि समतामुलक समाजको निर्माण गरि  मानिस मात्रको चाहाना हुँदाहुँदै पनि समतामुलक समाजको निर्माण हुन सकुको छैन। शक्ति , सम्पति , र प्रतिष्ठा सबैले समान रुपमा प्राप्त गर्न

सक्तैनन्। यसले गर्दा समाजमा असमानता पैदा हुन्छ । असमानताबाटनै द्वन्द्व पैदा हुन थाल्छ । असमानता हिजोको समाजमा पनि थियो, आज पनि छ, भोलिको समाजमा पनि रहिरहन सक्छ । किनभने यो आजको सामाजमा मात्र हैन प्रचिन समायमा पनि जङ्गलमा रहदा समूह समूह विभाजन गरेर बस्ने, खानाको लागि शिकार गर्ने, जङ्गली कन्दमुल प्रयोग गर्ने मानिसलाई त्यतिबेला पनि शारीरिक बल, उमेर, लिङ्गको आधारमा विभेद गरिने भएकाले त्यहाँ पनि द्वन्द्वनै थियो । चाहे त्यो कृषियुग, पशुपालन युग, आधुनिक युग, औधगिक युग, अत्यधुनिक युग जुनसुकै युग होस् मानव जाती रहेको ठाउँमा विभेद रहन्छ नै यो सर्वव्यपी सत्य कुरा हो र यसैबाट द्वन्द्वको सुरुवात हुदै आएको पाइन्छ (ढकाल माधव प्रसाद भित्ताका आधार २०६३)।

द्वन्द्व कम गर्न शिक्षित र समुन्नत समाजको आवश्यकता पर्दछ। शिक्षा ज्ञानको मुहान हो । चेतनाको मार्ग र विकासको संवाहक हो । शिक्षा विना समाजको कुनै पनि कार्य सुचारु रुपमा संचालन हुन सक्तैन। शिक्षालाई मानव विकासको सबैभन्दा महत्वपूर्ण कडीको रुपमा लिईन्छ । मानवीय क्षमता अभिवृति गराउन दर्विलो उर्जाको रुपमा शिक्षाले गहनतम स्थान ओगटेको पाइन्छ । जसले आर्थिक , समाजिक, सुढृदीकरणका लागि आधारभुत ज्ञान सीप तथा अनुभव हासिल गर्न सहयोग पुयाउँछ । शिक्षा प्राप्त गर्ने प्रत्येक नागरिकको नैसगिक अधिकार हो । शिक्षाले व्यक्तिको व्यक्तित्व विकासका साथै राष्ट्रका निम्ति उत्पदनशील , अनुशासित, देशभक्त, चरित्रवान नागरिक उत्पादनमा महन्वपूर्ण भुमिका निर्वाह गर्दछ । तर हाम्रो देशको शैक्षिक विकासलाई नियाल्दा विगतका दशकहरुमा नेपालले शिक्षा क्षेत्रमा उल्लेखनीय प्रगति हासिल नगरेता पनि समग्र राष्ट्रको साक्षरता कमजोर नै छ । जवसम्म बालबालिकाहरुलाई शिक्षाको मुल प्रवाहमा नल्याई समान रुपमा लाभान्वित तुल्याउन सकिदैन तवसम्म द्वन्द्व रहित , सचेत, समुन्नत, परिवर्तनकारी, सुसंस्कृत समाजको कल्पना गर्न सकिदैन (शिक्षा जगतको वार्षिक पत्रिका, शिक्षा विभाग २०६४)।

द्वन्द्वलाई न्युनिकरण गर्न लैङ्गिगिक मुलप्रवाहिकरणलाई एक राजनीतिको रुपमा सन १९९५ देखि विभिन्न देशहरुले लागु गर्दै आएका छन्। त्यसमा नेपाल पनि पर्ने भएकाले नवौ पञ्चवर्षीय योजनादेखि लैङ्गिक मुलप्रवाहिकरणलाई एक राजनीतिको रुपमा अंगिकार गर्दै आएको छ । जसमा महिला र पुरुष दुवैलाई समान हैसियतका आधारमा आत्मसाथ गर्ने लैङ्गिक मुल प्रवाहलाई विकासमा समाहित गर्नको लागि विकास प्रकृयाका साधन स्रोत, अवसर तथा फाईदाको समतामुलक संवाहक र संघर्ष विकासका मुल आधारमा नीति तथा कार्यक्रमहरुमा महिलाहरुको इच्छा, आवश्यकता, अनुभव तथा दुरदर्शितालाई समाहित गर्दै लानु नै लैङ्गिक द्धन्द निराकरण गदै जानु हुनेछ (शिक्षा जगतको वार्षिक पत्रिका, शिक्षा विभाग २०६५)।

द्वन्द्व वा तनाव मनेबैज्ञानिक रुपमा उत्पन्न हुने सहज स्थीति भएकाले त्यसको उपचार गर्न सकिदैन । व्यस्थापन गनै मात्र सकिन्छ । तनाव व्यस्थापनको वारेमा कुनै ठोस र शिघ्र निर्णय पाईदैन । विशेषतः विद्यालयमा विद्यार्थीको परीक्षाको समायमा उत्पन्न हुने असहज आवस्था सिर्जना भई गम्भीर परिस्थितिको विरामी वा जटिल आवस्थामा पुग्न सक्ने स्परुप हो । तनाव वा द्धन्द कुनै प्रकारको रोग होइन । शारीरिक , मानसिक, मानवैज्ञानिक रुपमा उत्पन्न हुने र त्यसको उपचार मनोवैज्ञानीक सल्लाहकारको सहयोगमा तनाव द्धन्द व्यवस्थापन गर्न सकिन्छ । तनावको सामान्य उपचार स्वयं पनि गर्न सकिने होइन त्यसवारे तनाव व्यस्थापनको कार्ययोजना वनाई अनिवार्य रुपमा पालना गनुपर्दछ । तनाव व्यवस्थापन गर्न, सादाजिवन शैली अपनाउने, ध्यान योग व्यायाम , नृत्य, गीत, संगीतमा रम्ने, आध्यत्मिक जीवन शैली अपनाउने , मन फुकाएर हास्ने, सादा खानपान गर्ने , शान्त स्वभाव लिने , मनोवैज्ञानिकको सल्लाह लिने, उत्तम विचार, सकारात्मक सोच, अत्मवल र आत्मविस्वास बढाउने, समयको महत्व बुझेर कार्य गर्ने, जस्तैः डायरी लेखन नियमित गर्ने, अनुसन्धानात्मक कार्यमा मन

लगाउने, सिस्ट अनुशासित र मिठो बचन बोल्ने, धुम्रापान, मध्यपान जस्ता लतमा नलाग्ने, अनावश्यक चिन्ता र चासो सलिने, मनमा अनावश्यक कुरा नखेलाउने, मन पर्ने व्यक्ति संग समाय विताउने , मनेवैज्ञानिक उपचार गराउने भन्ने जस्ता कुरामा शिक्षक विद्यार्थी लाई आस्वस्थ बनाएर द्वन्द्व व्यस्थापन हुन सक्छ । विद्यालयमा विद्यार्थी शिक्षक कर्मचारी, अभिभावक तनावबाट गुज्रिरहेका हुन्छन् । खासगरी विद्यार्थीहरु परीक्षाको समायमा अत्याधिक तनावको आवस्थामा  रहेको हन्छन् । यस्तो आवस्थामा उनीहरुमा रहेको सृजनात्मकता नस्ट हुन सक्ने , आत्तिने र अत्यधिक डरले परीक्षामा विर्गाने , लागु औषध सेवन गर्न र आत्महत्या गर्ने प्रयासहरु गर्दछन् । शिक्षकहरुमा पनि तनाव पैदा भएमा प्रभावकारी ढङ्गले शिक्षण, सिकाइ कियाकलाप सञ्चालन गर्न सतैन । जसले गर्दा विद्यार्थीहरुको भविश्य अन्धकार हृन्छ श्र त्यसैले विद्यालय सञ्चालन  गर्नको लागी प्र. अ. ले तनावलाई व्यवस्थापन गरेर लैजानु पर्दछ । विद्यालयमा शिक्षण एवम् सिकाइमा आधारित लक्ष्यहरु  तथा नीतिहरुको विकासमा साहायता गर्न शिक्षण सिकाइको उपयुक्त कार्यकमको विकासमा उत्प्रेरित गर्न  कर्मचरीहरुमा रहेको तनावलाई व्यवस्थापन गर्न सकेको खण्डमा  विद्यालयको समग्र पक्षको एकल एवम् प्रभावकारी कार्यन्यवन हुने कुरामा दुइमत हन सतैन  । वर्तमान समायमा तनाव मानिसको साभ्का समस्याको रुपमा देखा परिरहेको तग स्पस्ट छ । त्यसैले उत्पादक एव. उत्तम जीवनशैली वनाउन तनाव व्यस्थापन आवश्यक छ । शिक्षक , विद्यार्थी, कर्मचारी, भभिभावक एवमंले पनि तनाव नियन्त्रणको उपाय छनौट गर्न सक्दछ। जसले यर्थाथमा आधारित आकांशा  पाल्ने , आफ्नो क्षताको विकास तथा योजना गर्ने अनावश्यक प्रतिस्पर्धा नगर्ने  व्यक्तिगत सिमा लई बुझ्ने  र व्यक्तिगत मान्यता प्रदान गरेमा पनि तन व्यस्थापन गनै सकिन्छ । (शिक्षा जगतको वार्षिक पत्रिका, शिक्षा विभाग २०६६)।

विद्यालयमा हेने द्वन्द्वबाट प्रं अ. ले धेरै समस्याहरु भ्केल्न पर्दछ । जसमा महंगीको आधारमा प्रयाप्त पारीक्षामिक नभएको , शिक्षकहरु पढाईप्रति उदासीन हुदा शैक्षिक गुणस्तर विकास हुन सकेको छैन। अति महत्वकांशा लिने शिक्षक कर्मचारीले व्यक्तित्व सम्मान र संस्कृति विकास हुने  सकेको छैन, नतिजामुखी कार्य सम्पादन हुन सकेको छैन । आफै गदै सिक्ने र आत्म मुल्यांकन गर्ने सामर्थ्यको विकास हुने सकेको छैन । यी समस्याहरु प्र. अ. ले भोग्नु परेको छ । ( शिक्षा, शैक्षिक पत्रिका २०६४ )

१.२ समस्याको कथन:

द्वन्द्व व्यवस्थान गरी समता मूलक समाज निर्माण गरेर सम्पूर्ण प्राथमिक उमेर समूहका (५-९) वर्षका विद्यालय वातावरण भन्दा बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भित्र ल्याई सबै किसिमका बालबालिकाहरुलाई आफ्नै समुदायमा शिक्षा पाउने अधिकारलाई सुरक्षित गर्दैविद्यालय वातावरणलाई सबैको लागि योग्य बनाउन सबै खाले द्वन्द्वलाई व्यवस्थपन गर्न जरुरी छ।

शैक्षिक संस्थामा आवद्ध व्यक्तिको कार्यशैली गरणस्कतरमात्रामा हुने पंतिस्पर्धा, लक्ष्यमा भिन्नता साधन र स्रोतमा प्रतिस्पर्धा, व्यक्ति व्यक्तिगत भिन्नताले प्र. अ. शिक्षक, व्यवस्थापन समिति, अभिभावक, विद्यार्थीहरू बीच द्वन्द्व भइरहन्छ। द्वन्द्व व्यवस्थपन गर्नका शिक्षा नै प्रमुख सर्वप्रथम प्राथमिक विद्यालय जाने उमेर पुगेका सबै बालबालिकालाई शिक्षाको अवसर प्रदान गर्नु पर्दछ। यसैका लागि विभिन्न कार्यक्रमहरू पनि संचालित हुँदै आएका छन्। सबैका लागि शिक्षा अन्तरगत सन् २०१५ सम्मा सबैले शिक्षा पाउनु पर्छ भन्ने कान्यता अनुरुप नेपाली बालबालिकामा साक्षरता प्रतिशत वृद्धि गर्न, संयुक्त राष्ट्र संघको घोषणा पत्रलाई कार्यन्वयन गर्न नेपाली बालबालिकालाई राम्रो शिक्षा दिन अनेकौं प्रयासहरू भएका छन्। द्वन्द्व रहि बाल मैत्री विद्यालयको अवधारणा विकसित भइरहेको छ । समूदायिक विद्यालयका शिक्षकहरूलाई तालिमको व्यवस्था भइरहेको छ तर पनि विद्यालयको शिक्षामा संन्तोष

जनक उपलब्धी हाँसिल हुन सकेको छैन। पांथमिक शिक्षाको क्षेत्रमा कक्षा कोठाको पढाइ सुधार र समग्र गुणस्तर गम्भीर चासोको विषय बनेको छ। वर्षेनी सिकाई उपलब्धीका तथ्याङ्कहरू निकाल्ने गरिएकोछ तर पनि वर्षेनी विद्यार्थीहरूको सिकाइ उपलब्धी खस्कँदै गएको छ। विद्यार्थीको सिकाई उपलब्धी वृद्धि गर्न विद्यालयलाई उत्तिकै चुनौति रहेको छ, विद्यार्थी असफल हुने क्रम, विद्यालय छाड्ने दर, विचैमा कक्ष छाड्ने क्रम तिव्र छ। यो सबैको कारण विद्यालयमा हुने घोषित अघोषित द्वन्द्व नै हो भन्ने ठहर गरी विद्यालयमा हुने द्वन्द्व र व्यवस्थापनमा प्र. अ. को भूमिका शीर्षकको सेरोफेरोमा यो अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ।

## १.३. अध्ययनको औचित्य :-

विद्यालयको क्षेत्रमा संख्यात्मक रुपमा तीब्र विकास  भएता पनि गुणात्मक विकास न्युन देखिन्छ। संख्यात्मक विकास र गुणत्मक विकासलाई समान रुपवाट अगाडि वढाउँदै लैजानु उपयुक्त छ  तसर्थ गुणात्मक विकासका बाधक तत्वहरुको पहिचान गरी त्यसको निराकरण गर्न आवश्यक हुन्छ । वर्तमान आवस्थामा परीक्षा दिएका विद्यार्थीहरु मध्ये कम विद्यार्थी उतीर्ण हुनु उतीर्ण भएका विद्यार्थीहरु मध्ये पनि अत्यन्त कमले राम्रो उपलब्धि नगर्ने हुनाले के कारणले यस्तो हुन गएको हो भनी खोजी गर्नु आवश्यक हुन्छ ।

विद्यालय शिक्षाका निश्चित उद्देश्यहरु हुन्छन् । ती उदेश्यहरु उपलब्धि भए नभएको मापन गर्ने माध्यम मुल्याङ्कन हो । निर्धारित उदेश्यहरु कति हाँसिल भए पहिचान गर्ने विद्यार्थीको स्तर निर्धारण गर्ने समर्ण विद्यार्थीको कमजोरी पत्ता लगाई पृष्ठपोषण दिने काम शिक्षकले गर्नु पर्दछ ।

यस अध्ययमा विद्यालय शिक्षा लई प्रभावकारी बनाउन, सिकाई उपलब्धिलाई राम्रो बनाउन , आवश्यक तत्वहरुको अध्ययन गरी निकालेको निर्ष्कषले वास्तविक आवस्थाको जानकारीको साथै विद्यालयमा हुने द्धन्द व्यवस्थापन र  विद्यालय सुधारका उपायहरु अपनाउन सहयोग पुऱ्याउँद छ । शिक्षकलाई तनावमुक्त वातावरणमा द्धन्दरहित आवस्थामा पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग , औचित्य सावित गर्न सहयोग पुग्दछ । विद्यार्थी केन्द्रित शिक्षण सिकाई थप गरी पठनपाठन गराउन सहयोग पुऱ्याउँद छ । शैक्षिक क्षेत्रमा संलग्न शिक्षक विद्यार्थी, विद्यालय निशिक्षक, स्रोत व्यक्ति, विद्यलय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ , अभिभावकहरुलाई द्धन्द व्यवस्थापन गरी विद्यालयको सिकाई वातावरणलई कसरी उपलब्धिमुलक बनाउने भन्ने बारेमा उपयहरु खोज्न यस अध्ययनले सहयोग पुऱ्याउँद छ । यस अध्ययनले शैक्षिक योजनकारलाई आवश्यक नीति नियमहरु निर्माण गर्ने कार्यमा महत्वपूर्ण आधार प्रदन गर्नुका साथै भविष्यमा यस विषयमा जानकारी लिन चाहाने व्यक्तिलाई आवश्यक सहयोग प्रदान गर्दछ । विद्यालयका पं अ. हरुलाई विद्यालयमा हुने सबै खालका द्धन्दको व्यस्थापन गरी प्रभावकारी संचालनमा सहयोग प्रदान गर्दछ । विद्यालयमा प्रभाव पार्ने द्धन्दहरु पहिचान गरी त्यसको व्यवस्थापन गर्न संवन्धित  सरोकारवालाहरुलाई महत्वपुर्ण आधार प्रदान गर्दछ । साथै यस शोधपत्रले सिफारिस गरेका उपायहरुलाई अरु विद्यालयमा लागु गर्न सहयोग पुऱ्याउँनुका सथै उपलब्ध श्रोत र साधनको ठीक ढंगले सदुपयोग गर्न सहयोग पुऱ्याउँद छ । रष्ट्रिय यस अध्ययनको महत्व रहेको छ किनकि द्वन्द्व व्यवस्थापन सम्बन्धमा अध्ययन अनुसन्धान कमै भएको  छ ।

## १.४. अध्ययनको उदेश्य :-

यस शोधकार्यका अध्ययनको उदेश्य निम्नानुसार छन् ।

क. विद्यालयमा हुने द्धन्दको अवस्था पहिचान गर्ने ।

ख. द्धन्द व्यवस्थापनमा प्र.अ.को भूमिका विश्लेषण गर्ने ।

ग. विद्यालयमा हुने द्वन्द्वका कारण लेखाजोखा गर्ने ।

१.५. अनुसन्धानात्मक प्रश्नहरु : -

यस अनुसन्धानात्मक कार्यका लागि छानिएका उदेश्यहरुलाई स्पष्ट पार्न निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु राखिएका छन् ।

क. सामुदायिक विद्यालयमा द्वन्द्वका कारणहरु कस्ता-कस्ता हुन सक्छन् ?

ख. सामादायिक विद्यालयका प्र.अ.ले द्वन्द्व व्यस्थापनमा खेल्ने भूमिका के-कस्ता छन् ?

१.६ अध्ययनको परिसीमा :-

भौगलिक एवम् आर्थिक आवस्था, मानवीय संसाधन तथा समयको उपलब्धता समेतलाई मध्यनजर पारी यस अध्ययनलाई मोरङ्ग जिल्लाको इटहरा गा. वि. स. अर्न्तगत सञ्चलित १० बटा विद्यालयहरु मध्ये तीन वटा विद्यालयहरु लाई सिमित गरिएको छ । यसमा सम्बन्धित विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक, तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको निश्चित संख्याा किटान गरी अध्ययन कार्य अगाडि बढाइएको छ । सूचनाहरु संकलन गर्नको लागि अर्न्तवार्ता , प्रश्नावली, अवलोकन, विद्यालय सर्वेक्षण फारम, अभिलेख आदि साधनहरुको प्रयोग गरिएको छ । यस अध्ययनलाई विद्यालयमा द्वन्द्व व्यवस्थापनमा प्र.अ.को भूमिका विषयमा सीमित गरिएको छ ।

१.७ सान्दर्भिक शब्दावलीको परिभाषा:

प्र.अ. = प्रधान अध्यापक
उ.मा.वि. = उच्च माध्यमिक विद्यालय
गा.वि.स. = गाउँ विकास समिति
जि.शि.का. = जिल्ला शिक्षा कार्यालय
द्वन्द्व = मनमुटाव, वैरभाव, दुश्मनी
वि.व्य.स. = विद्यालय व्यवस्थापन समिति
शि.अ.स. = शिक्षाक अभिभावक संघ
नि.मा.वि. = निम्न माध्यमिक विद्यालय
मा.वि. = माध्यमिक विद्यालय
प्रावि. = प्राथकिम विद्यालय

# परिक्षेद -२

सम्वन्धित साहित्यको पुनरावलोकन र सैदान्तिक खाका:

विगतले वर्तमानलाई मार्ग र्दशन गर्दछ । विगतमा भए गरेका कार्यहरुको लेखाजोखा गरी बर्तमानको लागि गरिने कार्ययोजना उदेश्य प्राप्तीका लागि वढी सान्दर्भिक हुन्छ । त्यसैले अनुसन्धनकर्ताको लागि विगतमा गरिएका पुर्व सामग्रीहरुको अध्ययन र समीक्षा वर्तमानको अध्ययनको लागि महत्वपूर्ण हुन्छ । नेपालका विद्यालयहरुमा हुने गरेको द्वन्द्व तथा तिनीहरुको समाधानको विषयमा विभिन्न प्रयासहरु भई शैक्षिक स्तर उकास्ने काम गरेका विभिन्न उदाहरुणहरु पाइन्छन् ।

## २.१. सम्वन्धित साहित्यका पुनरावलोकन :

कुनै पनि अध्यनलाई अध्यनलाई अधि वढाउन एक निश्चित सिद्धान्तलाई आधार मान्नु पर्दछ । कुनै एक सिद्धान्तको आडमा मात्र अध्यनलाई अगाडि वढाउन असम्भव हुन्छ । यहाँ सैक्षिक संस्थाहरुमा हुने द्वन्द्व र त्यसको व्यवस्थापनमा प्रधानाध्यपकको भुमिका विषयक अध्यनलाई अगाडि वढाउन विभेदीकरणको सिद्धान्तलाई आत्मसात गरिएको छ । समाजका विभिन्न जातजाती , भाषाभाषी, धर्म र पेशाका मानिसहरु रहेका हुन्छन् । हरेक मानिसका समाजका आ-आफ्नै मुल्य र मान्यताहरु हुन्छन् । उनीहरुमा मुल्य परम्परा र कार्यको आधारमा एकअर्का प्रतिको सम्मान र व्यभारमा भिन्नता पाईन्छ । त्यसको प्रत्यक्ष प्रभाव शैक्षिक संस्थाहरुमा पर्दछ । अत समाजको विभेद बढेर जान्छ । यही विभेदले समाजमा न्ययायको व्यवस्थापन हुन सत्तैन र सबै ठाउँमा द्वन्द्व वढेर जान्छ । एक व्यक्ति वा समाजले अर्को व्यक्ति वा समाजबाट नसरात्मक असर पुऱ्याएको अनुभव गरेपछि द्वन्द्वको विजारोपन हुन्छ । इच्छा र चाहानमा देखिने भिन्नता, अरुको व्यवहार र आफ्न् व्यवहारमा देखिने फरकपना, शक्तिको प्रयोगमा देखिने अन्यायपूर्ण विविधताजस्ता मनोगत कारणहरु र असमान आर्थिक स्थिति र तिनीहरुले सृजनागरेका कठीनाईहरु, धार्मिक अतिवाद, वाह्य शक्तिको प्रभाव, शासकहरुको असफलताजस्ता संरचनागत कारणहरुले द्वन्द्वको सृजाना गर्दछ ( डि ड्रिड र मानडर मिल्इर, शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार १९९७)।

मानिसको इच्छा, चाहाना र महत्वकांक्षाले सृजाना गर्ने वेचेनी, आफूसंग अरुको उन्नति र प्रगतिको तुलना गर्दा आफू तलपरेको महसुस भएमा त्यसले ल्याउने नैराश्य मुल्य मान्यता र विश्वासमा पुऱ्याउँने चोट, व्यक्तिगत काम गर्ने शैली, बोली र व्यवहार, आचरण मानसिक तनाव, सूचना र संचारलाई ग्रहण र उपभोग गर्ने क्षमता, शैली र प्रभाव, सैदान्तिक र बैचारीक भिन्नता, देश समाज र आफ्नो उत्तरदायित्वलाई हेर्ने दृष्टिकोण, समाजिक सम्वन्ध र त्यसमा व्यक्तिको जिम्मेवारी र बुझाईजस्ता मनोगत र व्यक्तिगत कार्यहरुले द्वन्द्वको सृजना गर्दछ ( उप्रेती, विष्णुराज दन्द्ध व्यवस्थापनका सिद्धान्त र विधि २०६१) ।

राज्यले सुगम क्षेत्र शहर र काठमान्डौमा केन्द्रित गरेको साधन श्रोत दुर्गम र पिछडिएको क्षेत्रको तुलनामा अत्यन्त उच्च छ । राज्य केन्द्रमा नै श्रोत केन्द्रित गर्न चाहान्छ । र दुर्गम क्षेत्रको लागतार उपेक्षा गर्ने विकेन्द्रिकरणको मर्म अनुसार काम नगरी शक्ति र श्रोत्र आफ्नै न्यन्त्रणमा राखी कार्य गर्न चाहन्छ । सरकारले यस्तो व्यभारबाट दुर्गम क्षेत्रका नागरीकहरुमा नैरास्यता, आक्रोश, र द्वन्द्व सृजन गर्ने मनोगत कारणहरुको विकास गर्दछ (भटराई, टिका र सुब्बा विजय २००३)

ओमवर (१९४८) द्वन्द्व भनेको सामाजिक जीवनको एक अपरिहार्य यथार्थ हो जुन शक्तिको प्रभाव र भिन्नताबाट उर्वजिएको हुन्छ । कार्लमाक्सले द्धन्द्धकै आधारमा वर्ग संघर्षको विश्वव्यापी समाजवादी राजनैतिक सिद्धान्तको प्रतिपादन गरेका थिए । यस सर्न्दभमा उनी भन्छन् "द्धन्द्ध भनेको समाजका शक्ति र उत्पादनका श्रोतमाथि न्यन्त्रण गरेका सम्पन्न वर्ग र स्रोत माथि कम भएका विपन्न वर्गहरु विचको उक्त स्रोत र शक्ति आफ्नो पार्ने मानसिकतावाट सृजित आवस्था हो जुन समाजमा असमानता भएसम्म भइरहन्छ । त्यसै अवधारणालाई अझ वढी व्यख्या गदै डयान्ड्रफ भन्छन् 'यस्ता द्वन्द्वहरु कार्लमाक्सले व्यख्या गरेको जस्तो शक्ति र स्रोत हुने र नहुने वर्ग विचको वर्ग -फुज र स्टाफोंड का अनुसार द्वन्द्व भनेको व्यक्तिहरु वा समुहहरुको विचमा हुने सांस्कृतिक , सामाजिक, राजनैतिक र आर्थिक स्वार्थ, दृष्टिकोण वा बुझाइमा देखिएको भिन्नताको कारणले सृजित अवस्था हो (उप्रेती विष्णुराज द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधि २०६३)।

सरकारी र्कमचारीलाई नियम अनुसार माथिल्लो पदमा वढुवा हुन चाहानेले माथिल्लो तहको योग्यता हासिल गर्न दुई वटा उपाय हरु अपनाउन सक्छ । एउटा मेहेनत गरी विश्वविद्यालयबाट योग्यता हासिल गर्ने र नक्कली प्रमाणपत्र भारत वाट ल्याई पेश गरी वढुवा हुने । यसरी व्यक्तिले आफ्नो उद्देश्य, लक्ष्य र तत्कालिन इच्छा पुरा गर्न जुन साधन र विधि अनुकुल हुन्छ त्यसैको प्रयोग गर्छ (गोरखापत्र, २०६७, माघ)।

**२.२. अध्ययनको सैद्धान्तिक खाका :-**

विद्यालयहरुमा हुने द्वन्द्व र यसको सामाधानका लागि संचालन गरिने कार्यक्रम र प्रभावकारिता सम्वन्धि यस अध्ययनमा उपलब्ध जानकारी एवं तथ्यलाई विश्लेषण गर्न कार्लमार्क्सद्वारा प्रतिपादित अन्तरविरोधको सिद्धान्त र इल्टन मायोद्वारा प्रतिपादित मानव सम्वन्ध सिद्धान्तको वैचारिक खाकाको प्रयोग गरिएको छ ।

र्कालमार्क्सका आनुसार समाजमा असंख्य अन्तर विरोधहरु छन् ती अर्न्तविरोधहरु सबै हानीकारक हुदैनन्। अन्तर विरोध सकरात्मक र नकरात्मक दुबै किसिमको हुन सक्छ । एउटै वर्गमा हुने अन्तर विरोधलाई मित्रतापुर्ण र अर्को वर्गमा हुने विरोधलाई सत्रुतापुर्ण विरोध भनिन्छ । मित्रतापुर्ण अन्तर विरोध वा द्वन्द्वले आपसी वादविवाद , छलफल, अन्तरक्रया, आलोचना, आत्मआलोचना, समीक्षा आदि प्रकृया द्धारा समस्याको सामधान गर्न सकिन्छ । सत्रुतापुर्ण अर्न्तविरोध वा द्धन्दले आपसी वैभव, शंका, इर्ष्या, डाहा, अपराध, झै-झगडा, विद्रह, कलह र तनावको सृजाना गर्दछ । विद्यालयमा हुने द्वन्द्वको व्वस्थापनको प्रभावकारी कार्यन्वयनको लागि समाजमा भएका विभिन्न वर्गहरू जस्तो महिला, आदिवासी, गरीब, सिमान्तकृत, लोपोन्मुख, सडक बालवालिका, साङ्ग, अपाङ्ग, भौगलिक रुप बात कठीन परिस्थितिको सामना गरीरहेका समाजहरु बिच हुने सकरात्मक द्धन्द लाई मित्रतापूर्ण द्धन्दको रुपमा लिन सकिन्छ । मानिस जव जन्मन्छ तव उसलाई न्युनतम नैसर्गीक अधिकार संग संगै प्राप्त हुनुपर्दछ । तर उसले प्राप्त गर्नु पर्ने अधिकार बाछ विभिन्न बहानामा धर्मका आडमा बञ्चित गरिन्छ । अपाङ्ग हुनु गरिवी हुनु पूर्व जन्मको पाप हो भनिन्छ र पापीलाई थुनेर राख्नु पर्छ भनेर कोठामा थुनेर राखिन्छ । अपाङ्गहरुले साङ्ग हरु भन्दा बढी काम गरेको उदाहरणलाई लिइदैन यसले गर्दा पनि दन्द्धको अवस्था बढेको देखिन्छ । विद्यालय बाल मैत्री अपाङ्ग मैत्री, हुन सकेका छैनन अपाङ्गता भएका बालबालिकाहरु पढ्ने अनुकुल अवस्था विद्यालयमा सृजना हुन सकेको छैन विपन्नताका कारणले हलिया , कमैयाका छोराछोरीहरु विद्यालय उमेरमा विद्यालय जानुको सट्टा भरिया, होटलमा बालश्रम, गरिरहेका छन । दुर्गम क्षेत्रहरुमा विद्यालयले पढ्ने चेतना फैलाउन नसकेकाले भेडा तथा चौरी गोठालोको रुपमा बाल बालिकाहरु जीवन व्यतित गरिरहेका छन। अझै पनि महिला जनजाती गरीव पिछडिएको वर्ग

अपाङ्गहरुलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छैन । छोरीहरुलाई पढाउनु हुदैन भन्ने छाप अन्तर कुन्तरमा लुकेर रहेको पाइन्छ । गरीवले अर्काकोमा काम गरेर खानुपर्छ दलितले बाबु बाजेको पेसा अगाल्नु पर्छ भन्नाले समान्त वर्गले मात्र शिक्षा प्राप्त गर्नुपर्छ भन्नाले समाजमा चरम दन्द्धको अवस्था छ ।यी तमाम अन्तर विरोधकहरु (द्वन्द्वलाई) सकरात्मक दन्द्धका धारबाट समाजमा परिवर्तन ल्याउन सकिन्छ भन्ने विचार प्रसिद्ध दार्शनिक कार्लमार्क्सले ल्याएका छन । अपाङ्ग गरीव महिला हुनु प्राकृतिक कारण हो यसलाई सकारात्मक विभेदिकरणको माध्यमबाट लक्षित समुहमा विशेष अवसरहरु सिर्जना गरेर समतामुलक र लोकतान्त्रिक समाज निर्माण गरेर दन्द्धलाई न्यूनिकरण गर्न सकिन्छ (भट्ट दीर्घराज विद्यालय छोडाइमा सामाजिक सास्कृतिक प्रभाव २०६०)।

इल्टन मायोका अनुसार संगठनमा काम गर्ने व्याक्तिहरु बीच राम्रो सम्बन्ध छ भने काम राम्रो , छिटो र स्तरीय हुन्छ । सम्बन्ध राम्रो नभए काम राम्रो हुदैन । विद्यालयमा हुने दन्द्ध व्यवस्थापन सम्बन्धि अध्ययन गर्दा विद्यालयका प्रधानाध्यापक, शिक्षक शिक्षिका , अभिभावक , व्यवस्थापन समिति, कर्मचारी, विद्यार्थीहरु बीचको सम्बन्ध सुमधुर छ भने यसको कार्यन्वयन प्रभावकारी हुन्छ , थोरै हल्का दन्द्ध भएता पनि त्यसको तत्काल व्यवस्थापन गर्न सकिन्छ । सबै बीच राम्रो सम्बन्ध छैन भने दन्द्ध बढेर गएको हुन्छ र व्यवस्थापन गर्न कठिनाई हुन्छ ।

मानब सम्बन्धको सिद्धान्तले मानव सम्बन्ध भनेको व्यवस्थापक र कामदारको अन्तरक्रियामा निर्भर हुने कुरा उल्लेख गरेको छ । व्यक्ति पनि व्यवस्थापनको एक अंग हो । समुह सञ्चालन नेतृत्व , उत्प्रेरणा, संचार सहभागिता , अवसर बढुवा व्यात्तित्व जस्ता मानविय व्यवहारले व्यवस्थापनलाई सहि दिसा बोध गराउछ । विद्यालयमा गरिने हरेक कार्यहरुमा सम्बन्धित सबै व्यक्तिहरु भेला भई एक आपसमा विचार विमर्स गरी सर्वसहमतिबाट निणर्य भएका कुराहरु लागु गरेर लैजादा दन्द्ध हुदैन । विद्यार्थीहरु विभिन्न संस्कार, र पृष्ठभुमीबाट आएका हुन्छन । शिक्षकले शिक्षण गर्दा सबैलाई समान व्यवहार विद्यार्थीको मनोविज्ञान पत्ता लगाएर कमजोरीहरु पत्ता लगाएर अगाडी बढेको खण्डमा उत्प्रेरणा वढेर जान्छ र द्वन्द्व हुदैन ।

इल्टन मायोले मानव सम्बन्ध सिद्धान्तको उल्लेख गर्दै भनेका छन मानव सम्बन्धको विकास गर्ने प्रक्रियालाई co-ordination by divect contact भनेर नामाकरण गरेका छन। विद्यालयमा द्वन्द्व व्यवस्थापन गर्ने कुरा संवेदनशील भएकाले विद्यालयमा फरक फरक खालका बालबालिकाहरुलाई एउटै कोठामा ल्याएर शिक्षण गरेको खण्डमा द्वन्द्व हुदैन भन्ने निर्ष्कष छ । यसमा व्यवस्थापन पक्षले विद्यार्थी शिक्षक कर्मचारीलाई सोझै सर्म्पक गरी संञ्चालित शिक्षण प्रक्रियाबाट भएका राम्रा पक्षहरुलाई निरन्तरता दिन सहयोग गर्न र कमजोरीहरुलाई व्यवस्थापकिय रणकौशलबाट तुरुन्त निवारण गर्नुपर्दछ । यसरी व्यवस्थापन पक्षले शिक्षक विद्यार्थी र अन्य सम्बद्ध पक्षलाई समेटन सकेन भने त्यस्तो अवस्थामा विद्यालयमा दन्द्ध व्यवस्थापन हुन सक्तैन । सबै पक्षसँग समन्वय , छलफल विचारको आदान प्रदान गरेर अगाडी बढेको खण्डमा विद्यालयमा प्रधानाध्यापकले दन्द्ध व्यवस्थापन गर्न सक्छ । शैक्षिक संस्थामा साधन श्रोत प्रक्रिया र वातावरण बीच पारस्परिक सुमधुर सम्बन्ध कायम राख्न समन्वयात्मक कार्य निरन्तर भई रहनु पर्दछ । विद्यालयमा आवश्यक पर्ने श्रोत साधन कसरी कहावाट जुटाउने भन्ने कुरामा एक आपसमा छलफल र समन्वय भइरहनु पर्दछ। विद्यालयको वातावरण सिकाई अनुकुल विद्यार्थी मैत्री बनाउन प्रधानाध्यापक र सरोकरवाला सबै सम्बद्ध पक्षबीच निरन्तर समन्वय भइरहनु पर्दछ (कट्टेल दिव्यराज समाहित शिक्षामा व्यवस्थापनको प्रभावकारिता २०६४) ।

# परिच्छेद तीन : अध्ययनको विधि

**३.१ अनुसन्धनात्मक ढाँचा**

यस शोध कार्यलाई पूरा गर्नका लागि दुई वटा अनुसन्धनात्मक ढाँचालाई प्रयोग गरिएको छ । यसमा कुनै अवस्था , प्रक्रिया, समस्या तथा घटनाको व्याख्या विश्लेषण शाब्दिक रुपमा गरिने गुणात्मक ढाँचा र कुनै पनि विषयवस्तु समस्या तथा मुद्दा सँग सम्बन्धित विभिन्न चरणहरु विचको सम्बन्धलाई सख्यात्मक मूल्यमा आधारित भई गरिने अध्ययन परिमाणात्मकतालाई यस अध्ययनमा अध्ययनको प्रकृति अनुसार यी दुबै ढाँचाको प्रयोग हुने छ ।

**३.२ जनसंख्या**

यस अध्ययनमा बाधिएको परिसिमा अनुसार मोरङ्ग जिल्लका इटहरा गा वि स अन्तरगत संञ्चालित १० वटा सामुदायिकहरु विद्यालयका प्र अ , शिक्षक र विद्यार्थीहरु नै जनसंख्याको रुपमा रहने छ ।

**३.३ नमुनाको छनौट प्रक्रिया तथा विधि**

नमुना छनौट विधिमा उल्लेखित जनसंख्याबाट संम्भावना युक्त नमुना छनौटको प्रयोग गरी विद्यालयका प्र.अ. ३ जना, १ /१ जना विषय शिक्षक हरु गरी ३ जना र वि.व्या.स. का अध्यक्ष ३ जना नमुना छनौटको आकारको रुपमा लिई विद्यालयको द्वन्द्व व्यवस्थापनमा प्र अ को भुमिका बारेमा अध्ययन गरिएको छ ।

**३.४ नमुना छनौटको आधार**

भौगोलिक जातियता आर्थिक मितव्ययिता, सुगमता सजिलो विश्वासनिय बैध सुचना प्राप्त गर्न सकिने गरी ३ वटा मात्र विद्यालयको अध्ययन गरी तथ्यांक संकलन गरी विश्लेषण गरिएको छ ।

**३.५ अनुसन्धनात्मक साधनहरु**

मोरङ्ग जिल्लाको इटहरा गा वि स सामुदायिक विद्यालयको दन्द्व व्यवस्थापनमा प्र अ को भुमिका नामक अनुसन्धन गर्ने शिलशिलामा छनौट गरिएको जनसंख्यालाई निम्नानुसारको साधन प्रयोग गरी तथ्यांक संकलन गरिएको छ ।

क) प्रश्नावली
ख समूह छलफल
ग) दस्तावेज अध्ययन

**३.६ तथ्यङ्कको श्रोत**

अनुसन्धान कार्यमा सहि विवरण तथा तथ्याक संकलन गरी निर्ष्कषमा पुग्न

क) प्राथमिक श्रोत : जस्तै प्रश्नावली, अन्तरवार्ता, अवलोकन, छलफल आदी ।

ख) द्धितीय श्रोतः तथ्याक फारम, उपलब्धी मूल्याङ्कन जिल्ला प्रोफाइल, जिल्ला शिक्षा योजना , भौतिक तथ्याक आदि ।

**३.७ तथ्याङ्क संकलन प्रक्रिया**

तथ्याङ्क संकलन गर्ने प्रक्रिया सम्बन्धित विद्यालयका प्र. अ. हरुलाई प्रश्नावली गराइएको , विषय शिक्षक, अभिभावक वि व्या स सँग प्रश्नावली साथै अन्तरवार्ता, छलफल गरी तथ्यांक वा विवरण संकलन गरिएको छ । विशेष गरी सम्बन्धित विद्यालयमा गई दस्तावेज वा कागजातहरु प्र अ बाट उपलब्ध गराई आवश्यक विवरण सकलन गरी सही तथ्याक खोजी, अनुसन्धान गर्न खोजिएको शिर्षक उद्देश्य अनुरुप गहन अध्ययन गरिएको छ ।

३.८ तथ्याक विश्लेषण प्रक्रिया

यस अध्ययनलाई स्पष्ट पार्न विभिन्न सामाग्रीहरुको आवश्यकता पर्दछ । ती मध्ये तालिकीकरण, प्रतिशत दरको विश्लेषण पाईचार्टद्धारा तुलनात्मक अध्ययन व्याख्या विश्लेषण गरिएको छ । त्यसपछि तथ्याकलाई पाईचार्टमा देखाई तुलनात्मक अध्ययन गरी व्याख्या विश्लेषण गरि निश्कर्ष दिइएको छ ।

# पच्छिेद चार : तथ्याङ्कको विस्लेषण र व्याख्याः

यस अध्ययनमा विद्यालयमा हुने द्वन्द र यसको व्यवस्थापनमा प्र.अ.को भूमिका विश्लेषण गर्न मोरङ जिल्लामा पर्ने इटहरा गा.वि.स.का दश वटा सामूदायिक विद्यलयहरू मध्ये तीन वटा विद्यालयहरूको विद्यलयमा द्वन्द्व व्यवस्थापन पूर्ण रुपमा हुन नसकेका कारणबाट विद्यार्थीहरूको परीक्षामा सम्मिलित उत्तीर्ण अवस्था विचैमा कक्षा छाड्ने अवस्था विद्यार्थीहरूको नियमितता द्वन्द्वको कारणबाट अनुपस्थिति हुने अवस्था र सिकाइ उपलब्धिहरूको विद्यालयगत तथ्याङ्कको तुलनात्मक व्याख्या र विश्लेषण गरिएको छ। यस अध्ययनलाई खोजमूलक र वस्तुपरक बनाउनका लागि सामूदायिक विद्यालयहरूमा सिकाइमा द्वन्द्वको प्रभावको पहिचान एवम् विश्लेषण गर्ने र सिकाई उपलब्धिमा देखिएका समस्याहरूको पहिचान गर्ने सन्दर्भमा सम्बन्धित विद्यालयका प्र.अ.शिक्षक, अभिभावक, वि.व्य.स. अध्यक्ष, विद्यार्थी, स्रोत व्यक्ति, विद्यालय निरीक्षकबाट संकलित तथ्याङ्कहरूलाई विभिन्न तालिका चार्ट ग्राफ आदिमा राखि व्याख्या र विश्लेषण गएिको छ।

## ४.१. विद्यालयमा हुने द्वन्द्वको अवस्थाः

विद्यालयहरूमा विद्यर्थीलेहरूले प्राप्त गरेको सिकाइ उपलब्धिको अवस्था कस्तो रहेको छ? भनी लेखाजोखा गर्नु यस अध्ययनको उद्देश्य हो। वास्तवमा विद्यार्थीहरूले विभिन्न विषयहरूमा प्राप्त गरेका सिकाइ उपलब्धिले विद्यालय व्यवस्थापनको अवस्था मजबुत वा कमजोर छ भनी पत्ता लगाउन सकिन्छ। त्यस्तै विद्यालयमा कति विद्यार्थी भर्ना भएका छन् ती मध्ये परीक्षामा कति सामेल भए, कतिले वीचैमा कक्षा छाडे, परीक्षा दिने मध्ये कति उत्तीर्ण भए, कति अनुत्तीर्ण भए, विद्यार्थीले सबै विषयमा प्राप्त गरेको सिकाइ उपलब्धि उत्साह जनक छ वा छैन, द्वन्द्वका कारणले कतिविद्यार्थी परीक्षामा सामेल हुन सकेनन्, राष्ट्रिय , क्षेत्रीयि र जिल्ला स्तरको सिकाइ उपलब्धिको तुलनामा बढी वा कम कुन छ भनी लेखा जोखा गर्ने सन्दर्भलाई निम्न बमोजिमका उपशीर्षकहरूमा राखी अलग अलग रुपमा व्याख्या र विस्लेषण गरिएको छ।

### ४.१.१. द्वन्द्वका कारणले विद्यार्थीको भर्ना र कक्षा छाड्ने स्थितिः

भर्ना, परीक्षामा सम्मिलित र उत्तीर्णको स्थितिले विद्यालयको आन्तरिक सक्षमताको अवस्थाारे थाहा हुन्छ तर विद्यालयमा भर्ना भएका सबै विद्यार्थीहरू परीक्षामा सामेल हुँदैनन्। भर्ना भएको केही समयदेखि घरायसी अन्तर कलह, विद्यालयमा हुने बनावटी नाम, आर्थिक विपन्नताका कारणले वा अनुत्तीर्ण भएर कक्षा छाड्ने गर्छन् जस्लाई ड्रपआउट भनिन्छ। तलको तालिकामा अध्ययन गरिएका विद्यालयहरूको जम्मा भर्ना भएका विद्यार्थीहरूको संख्या र ड्रपआउट (कक्षा छाड्ने) विद्यार्थीहरूको विवरण प्रस्तुत गरिएको छ।

तालिका नं. १ विद्यार्थीको भर्ना तथा कक्ष छाड्ने स्थितिः

| क्र.सं. | विद्यालयको नाम | भर्ना भएका विद्यार्थी संख्या | | | कक्षा छाड्ने विद्यार्थीहरूको संख्या | | | कक्षा छाड्ने % |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | श्री महेन्द्र उ.मा.वि., इटहरा | ८५ | १३० | २१५ | १० | ४ | १४ | ६.५१% |
| २. | श्री सरस्वती उ.मा.वि., इटहरा | ३७ | ४९ | ८६ | ११ | ८ | १९ | २२.९% |
| ३. | श्री जनता नि.मा.वि., इटहरा | ६० | ७८ | १३८ | ७ | ८ | १५ | १०.८६% |
| जम्माः- | | १८२ | २५७ | ४३९ | १३ | २० | ४८ | १०.९३% |

स्रोत विद्यालय तथ्याङ्क फारम २०६६

माथिको तालिकाले इटहरा गा.वि.स. अन्तरगत अध्ययन गरिएका तीन वटा विद्यालयहरूमा भर्ना भएका कुल विद्यार्थी संख्या ४३९ रहेको र ड्रपआउट विद्यार्थी संख्या जम्मा ४८ देखिएको छ भने ३ वटा विद्यालयको कुल औसत ड्रपआउट दर १०.९३% छ। उक्त विद्यालयहरूमा सबै भन्दा बढी विद्यार्थी भर्ना संख्या २१५ जना, महेन्द्र उ.मा.वि. मा सब भन्दा कम ८६ जना विद्यार्थी सरस्वती उ.मा.वि. मा रहेको छन्। त्यसैगरी महेन्द्र उ.मा.वि.मा सबभन्दा कम ६.५१% विद्यार्थीले कक्षा छाडेको देखिन्छ भने सबभन्दा बढी सरस्वती उ.मा.वि.मा २२.९%ले कक्षा छाडेको देखिन्छ। वर्तमान अवस्थामा कक्षा छाडेन दरमा सुधार गर्न विद्यार्थीहरूलाई विद्यालय आउन आकर्षण गर्नु पर्छ। डा. उपेन्द्रकुमार कार्कीको भनाइ अनुसार नेपालको शिक्षा क्षेत्रको सबभन्दा ठूलो हाँक भनेको सरकारी तथ्याङ्क अनुसार दुईछाक पनि पेटभर खान नपाउने निरपेक्ष गरिबीको रेखामुनीको संख्या ३१% रहेको छ। जसले बच्चाका निमित्त चाहिने कुरा जुटाउन द्वन्द्व गरिरहनु परेको छ।

ताराबहादुरथापाका अनुसार विद्यालय संगठनभित्र पनि समन्वयका कमी, सूचनाको अस्पष्टता, स्रोतसाधनको कमी, उत्प्रेरणा, अधिकार, साधनको बाँडफाँडमा असमानता जस्ता कुराहरूकाट द्वन्द्व भएमा शिक्षकहरूले पढाइमा दिलचस्बी राख्दैनन् जस्ले गर्दा पनि कक्षा छाड्ने दरमा कमी ल्याउन विद्यार्थीहरूलाई पुरस्कार छात्रवृति, खाजा जस्ता कुराको व्यवस्था गर्दै संस्थागत साझा लक्ष्य प्राप्तिका लागि विद्यालयले विभिन्न किसिमका मत भिन्नतालाई त्याग गर्दै द्वन्द्व व्यवस्थापन गर्नु पर्दछ।

### ४.१.२. साजिक स्तरिकणबाट द्वन्द्वः

समाजका विभिन्न फरक फरक तत्वहरूबाट बनेको हुन्छ। समाजमा विभिन्न किसिमका साधन र स्रोतहरू हुन्छन् तर ती सबै साधन र स्रोतहमा सबैको समान पहुँच हुदैन। विभिन्न सामाजिक समूहहरू, व्यक्तिहरू, तथ्याहरू एउटा भन्दा अर्को उच्च तहमा रहने आधारहरू भनेको इज्वत, धन योग्यता, स्तर र पेशागत इज्वत इत्यादि नै हो। समाज विकास इतिहाअलाई केलाउँदा कुनै पनि समाज पूर्णरुपमा समानजतामा आधारित भएको पाइदैन। समाजलाई स्तरिकरण गर्ने भूमिका निभाउने विभिन्न तत्वहरू हुन्छन् ती तत्वहरू बौद्धिकता, नैतिकता, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक पक्षहरू पर्दछन्। यिनै असमानताहरूले गर्दा नै समाज विभिन्न स्तरमा स्तरिकरण भएको पाइन्छ। यिनै सामाजिक परिवेसबाट विद्यार्थीहरू विद्यालय आउँछन्। जस्तो जस्तो सामाजिक परिवेसबाट विद्यार्थीहरू विद्यालय

आउँछन् विद्यालयमा त्यही खाले द्वन्द्व चलिरहन्छ। राम्रो परिवेसबाट आएका विद्यार्थीहरू विद्यालयमा टिकिरहन्छन् अप्ठ्यारो परिस्थितिबाट आएका विद्यार्थीहरू असफलहुने, बीचैमा कक्षा छाड्ने, कम विद्यालय आउने कारणले विद्यालयिय शिक्षाका गुणस्तर विकास हुन सकेको छैन। यस अध्ययनमा छनो गरिएका विद्यालयहरूको अवस्था पनि त्यस्तै रहेको छ। यस अध्ययनमा विद्यालयमा भर्ना र परीक्षामा असफल सम्बन्धि विवरण तालिकामा निम्नबमोजिम प्रस्तुत गरिएको छ।

तालिका नं. २: सतार जाती

| क.स. | विद्यालयको नाम | भर्ना भएका विद्यार्थी | | | परीक्षामा समेल विद्यार्थी | | | उत्तीर्ण विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | श्री महेन्द्र उ.मा.वि., इटहरा | ३५ | ३० | ६५ | २० | १५ | ३५ | १० | ५ | १५ |
| २. | श्री सरस्वती उ.मा.वि., इटहरा | ४० | ३० | ७० | २२ | १५ | ३७ | १५ | ८ | २२ |
| ३. | श्री जनता नि.मा.वि., इटहरा | २५ | २५ | ४० | १२ | ८ | २० | ६ | ३ | ९ |
| जम्मा:- | | १०० | ७५ | १७५ | ५४ | ३८ | ९२ | ३१ | १५ | ४६ |

स्रोतः विद्यालय रिजल्ट सिट २०६६

माथिको तालिका अनुसार अध्ययन गरिएका विद्यालयहरू मध्ये सतार ताजीका विद्यार्थीहरूको भनौ संख्या सबभन्दा बढी सरस्वती उ.मा.वि. इटहरामा ७० जना पाईयो। परीक्षामा सामेल ३७ जना र उत्तीर्ण संख्या २२ मात्र रेको देखिन्छ। त्यस्तै गरेर महेन्द्र उ.मा.वि. इटहरामा ६५ जना छात्र छात्राकोभर्ना देखियो जस्मा परीक्षामा सामेल ३५ जना र उत्तीर्ण १५ जना देखियो। जनता नि.मा.वि. इटहरामा भर्ना संख्या ४०, परीक्षामा सामेल २० र उर्त्तीण संख्या ९ मात्र देखिन्छ।

विद्यायमा विद्यालय उमेरका सम्पूर्ण बालबालिकामा पहुँच पुऱ्याउने विद्यालयको लेवल सम्म टिकाउनु पर्ने सन् २०१५ सम्ममा निरक्षरता उन्मुलन गर्ने रसकारको नीति रहेको भएपनि तल्लो वर्गका वा जातका विद्यार्थीहरूको यस्तो अवस्था रहनु आर्थिक वा सामाजिक कारण नै हो। यसबाट विद्यालयमा सम्पूर्ण बालबालिका उपस्थित गराउन नसक्नु सामाजिक विवेद हटाएर बन्द मक्त बनाउन नसकिएकोले हो न्दा अतिउक्ति नहोला। अध्ययन सम्लग्न विद्यालयको भर्ना विद्यार्थी संख्या, परीक्षामा सामेल भएको संख्या र कक्षा उर्त्ती संख्याको अवस्थालाई निम्न बाकर ग्राफमा यरी देखाउन सकिन्छ।

### ४.१.३. विद्यार्थीको सिकाई उपलब्धि र द्वन्द्व::

विद्यार्थीहरूले प्रत्येक विषयमा उच्चतम सिकाइ उपलब्धिकासाथ उच्चतम अङ्क ल्याई कक्षा उत्तीर्ण हुनु नै गुणस्तरीय शिक्षाको पहिचान हो। यसो गर्नको लागि उत्पीडित, सिमन्तकृत मानिसहरूको समग्र विकास गरी एक समता मूलक समाजको निर्माण गरेर मानवताको आधारमा सबै मानवहरू समान हुन्छन् र विकासको फलको रसास्वादन गर्ने हक सबै जनतामा हुनुपर्छ। यदि स्वस्थ समाजको निर्माण गरी तल्लो तहका मानिसहरूमा हुने शोषण रोकिने हो भने र स्वास्थ्या समुन्नत प्रजातान्त्रिक समाजको निर्माण गर्न विद्यालयमा भर्ना संख्या, टिकेर रहने संख्या बढेर जान्छ र सिकाइ उपलब्धि पनि राम्रो हुन्छ तर नेपालमा भएको द्वन्द्वको कारणबाट त्रसित भएर आफ्ना छोराछोरीहरूलाई सुरक्षित

अवतरणको लागि  विदेश पढ्न पठाउनु, सरकारी विद्यालयमा हलिया कमैयाका मात्र छोराछोरीहरू धेरै जसो पढ्न आउने घरमा पढ्न फुर्सद नै नहुने, अर्काको घरमा बसेर घरायसी द्वन्द्वमा रहेका, विपन्नताको भारमा परेकाहरूकै बाहुल्यताको कारण विद्यार्थीहरूमा सिकाइ उपलब्धि राम्रो हुन सकेको छैन। विद्यार्थीको सिकाइ उपलब्धिका बारेमा खासगरी कक्षा ३ र ५ को वार्षिक उपलब्धि परीक्षा लिने व्यवस्था छ।

## ४.२. विद्यलयमा हुने द्वन्द्वको कारण:

मानव विकासको महŒवपूर्ण पक्षको रुपमा द्वन्द्वलाई लिइन्छ। द्वन्द्व सँधै नकरात्मक मात्रै हुँदैन सकरात्मक पनि हुन्छ। नकारात्मक द्वन्द्वले संस्थालाई समाप्त पार्दछ भने सकारात्मक द्वन्द्वले संस्थालाई दरिलो बनार लैजन्छ। त्यसैले व्यवस्थापकले नकारात्मक द्वन्द्वलाई तुरुन्तै व्यवस्थापन गर्न सक्नुपर्छ। विशेष गरेर विद्यालयहरूमा शिक्षक कर्मचारीको सेवा, सर्त सुविधा, पदोन्नती, विद्यार्थी भर्ना, मुल्याङ्क, शिक्षक कर्मचारीको हेरफेर  पुरस्कार र प्रशंसामा अनियमितता राम्रो मान्छे भन्दा हाम्रो मान्छे ठीक भन्ने गलत संस्कार, संस्थागत स्वार्थमा भन्दा व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिने पद्धति, सामुदायिक विद्यालयहरूमा शिक्षकहरूको मनोमानी काम गर्ने प्रवृति, अनुगमन र नियन्त्रणको अभाव स्पष्ट वार्षिक कार्य  योजनको अभाव, क्षमता अनुसार जिम्मेवारी अभावले क्षमतावान पछि पर्ने प्रवृतिका कारणले विद्यालयमा द्वन्द्व भइरहन्छन्। यस्तै द्वन्द्वहरूको कारणले नै शिक्षकहरूमा नैराश्यता, जिम्मेवारीवोधको अभाव, आफुलाई जागिरे मात्रै ठान्ने प्रवृतिले सामुदायिक विद्यालयहरू जागिर खाने र दिन कटाउने थलोका रुपमा रुपन्तरण भएका छन्। सिकाइ उपलब्धि दर वर्षेनी घट्दै गइरहेको छ। विद्यालयको प्राथमिक शिक्षा शिक्षाको जग मानिन्छ। प्राथमिक तहका सम्पूर्ण बालबालिकहरू समयमै विद्यलयमा भर्ना भई शैक्षिक क्षतिबिना उच्चतम सिकाइ उपलब्धिका साथ सो तह पुरा गर्न सकेको खण्डा समग्र माथिल्लो तहको शिक्षाले अपेक्षित रुपमा विकासको गति अगाडिबढाउन सक्छ। प्राथमिक तहमा ५५% बजेट छुट्याए पनि आशातित उपलब्धि हासिल हुन सकेको छैन। विद्यालय क्षेत्रको शिक्षा खस्कँदो अवस्थामा छ। त्यसैले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा कुन कुन तत्वहरूले प्रभाव पारेको छ। भनी पत्ता लगाउन अध्ययनमा संलग्न विद्यालयहरूको विविध पक्षसँग सम्बन्धित तथ्यङ्कहरूको तुलनात्मक रुपमा विस्लेषण गर्ने कार्य यस शीर्षक अन्तर्गत गरिएको छ। विद्यालय तहका विद्यार्थीहरूको गुणस्तर विकासमा विद्यालयमा हुने द्वन्द्व र यसको व्यवस्थापन कार्यको व्यवस्थापन गर्ने सम्बन्धमा उत्तरदाताहरूलाई भराइएका प्रश्नावली र अन्तरवार्ताका आधारमा प्राप्त तथ्याङ्कहरूलाई निम्नानुसारको उपशीर्षकमा राखी व्याख्या विस्लेषण गरिएको छ।

### ४.२.१. मानवीय व्यवस्था:

यस अध्ययनको उद्देश्य विद्यालय तहका विद्यार्थीहरूलाई विद्यालयमा हुने द्वन्द्व व्यवस्थापन गरेर गुणस्तरीय शिक्षा प्रदान गर्न अनुकुल वातावरण उपलब्ध गराउन सहयोग पुऱ्याउनु हो। जब सम्म विद्यार्थीहरूले अनुकुल वातावरण पाउँदैनन् तबसम्म उद्देश्यमुलक गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्दैनन्। तसर्थ विद्यालयको वातावरण अनुकुल बनाउनु मानवीय स्रोतको आवश्यकता पर्दछ। यस सम्बन्धमा अध्ययनमा सम्लग्न विद्यालयको मानवीय स्रोतको स्थिती सम्बन्धि प्राप्त जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

अध्ययनमा संलग्न विद्यालयको मानवीय पक्ष (शिक्षक) विवरण: तालिका नं. ३:

| क्र.सं. | विवरण | शिक्षक संख्या | उपस्थित | अनुपस्थित | विषयगत |
|---|---|---|---|---|---|
| १. | शिक्षक | २० | १२ | ८ | ४ |
| २. | शिक्षक | २५ | १८ | ७ | ६ |
| ३. | शिक्षक | १० | ७ | ३ | २ |

स्रोत: स्थलगत अध्ययन २०६८

तालिका नं. ३ अनुसार: अध्ययनमा संलग्न भएका विद्यालयहरूको मानवीय पक्षको स्थलगत अध्ययन गर्दा अत्याधिक शिक्षकहरू विद्यालयमा अनुस्थित हुने गरेको पाइयो। २० जना शिक्षक भएको विद्यालयमा ८ जना, २५ जना शिक्षक भएकोमा ७, १० जना शिक्षक भएको ३ शिक्षाको अनुपस्थितिबाट कसरी विद्यालय संचालन हुन सक्छ। शिक्षकहरू वैयक्तिक अन्तरद्वन्द्वमा फसेका छन्। धेरै वर्ष सेवा गर्दा समत सेवा सुविधा वृद्धि नहुने, पदोन्नति नहुने कारणले सामान्य अवस्थामा पनि शिक्षकहरू घरमा बस्छन् विद्यालय जादैनन्। अरु अवसर भेट्ने बित्तिकै आफ्नो कर्तव्य बिर्सिछन्, जस्तो मत सर्वेक्षणामा जाने, गणकमा जाने प्रवृतिले विद्यालयको पठनपाठन चौपट्ट अवस्थामा रहेको देखिन्छ। यसरी वैयक्तिक अन्तरद्वन्द्वको कारणले पनि गुणस्तरीय शिक्षामा असर परेको छ। शिक्षकहरूका द्वन्द्व व्यवस्थापन गर्दै विषगत जिम्मेवारी अनुसारको शिक्षक भए मात्र सिकाइ सहज हुन सक्दछ।

४.२.२. संगठनात्मक वातवरण:

विद्यालयभित्र विभिन्न किसिमका व्यक्तिहरू कार्यरत रहन्छन्। आ-आफ्नो असिमित स्वार्थ र लक्ष्य प्राप्तीमा लागिरन्छन्। जीवनका अधिकांश पक्षमा जानी नजानी हामी द्वन्द्व गरिरहेका हुन्छौं। संगठनमा पनि धेरै मानिसहरूबीच कुनै न कुनै कुरामा असहमात भइरहन्छ। भान्छामा राखेका भाँडाहरू पनि एकआपसमा ठोकिएर आवाज निस्किन्छ। सबै द्वन्द्वहरु भने नराम्रा हुँदैनन् तर संस्थाको संस्थागत वा संगठनात्मक परिवर्तन गर्ने क्रममा प्राविधिक, सामाजिक एवम् राजैतिक परिवर्तनको र शक्ति केन्द्रको इसारा मा अप्रत्यासित परिवर्तन गर्नाले तनाव अवरोध र निरासा हुन्छ। फलस्वरुप परिवर्तनलाई पारस्परिक एवम् सामुहिक रुपमा स्वीकार्न नसकेको अवस्थामा भएकोले द्वन्द्व उत्पन्न हुन्छ त्यसलाई ध्यान दिएर सम्पूर्ण सरोकारवालाहरूबो रायबाट संगठनात्मक परिवर्तन गरियो भने मात्र संगठनात्मक वातावरण राम्रो हुनछ। र सबैले आफ्नो जिम्मेवारी पुरा गर्दछन्। संगठनको संरचना तयार गर्दा जेष्ठता क्रम, पद र कार्य क्षकतालाई ध्यान दिनु पर्ने हुन्छ। यी उल्लेखित कुराहरूलाई ध्यान नदिइकन संगठानिक संरचना बनाउँदा विद्यालयमा द्वन्द्वको अवस्था पैदा हुन्छ। पठन पाठन लगायत योजना कार्यन्वयनका कुराहरू अस्तव्यस्त हुन्छन्। सिकाइ गुणस्तर रहँदैन। त्यसैले विद्यालयको सांगठानिक संरचना कस्तोछ भन्ने बारेमा अध्ययन गरिएका सम्बन्धित विद्यालयका प्र.अ. शिक्षक विद्यार्थी, वि.व्य.स. अध्यक्ष सँगको प्रतिक्रियालाई तालिकामा प्रस्तुत गरिएको छ।

विद्यालयको संगठनको संरचना तालिका नं. ४

स्थलगत अध्ययन २०६८

माथिको तालिकामा देखाइए बमोजिम विद्यालयहरूमा संगठनको संरचना यसरी नै गरिएको भए पनि विद्यालयमा अन्तरद्वन्द्वको कारण बाट पठनपाठनमा खासै उपलब्धि हुन सकेको छैन। संरचना उपयुक्त भए पनि त्यस अनुसार जिम्मेवार पूर्ण भूमिका निर्वाह गरेको पाइएन । विद्यालयमा, दैनिक कार्य तालिका, वार्षिक कार्य तालिका तयार गरेको पाइयो।

### ४.२.३. सिमित स्रोत साधनः

सामूदायिक विद्यालयमा यथेष्ट स्रोतसाधन र विषयगत शिक्षकहरूको कमी हुन्छ। एकैखालको योग्यता भएपनि कसैको कार्यक्षमता बढी भएको अवस्थामा माथिल्लो तहमा काम लगाउँदा पारिश्रमिक थप गर्नुपर्ने हुन्छ। यसबाट पनि समान योग्यता भएका शिक्षकहरूमा तनाव उत्पन्न हुन्छ। थोरै आर्थिक स्रोतलाई अधिकतम भलाईको लागि प्रयोग गर्दा सबैलाई सन्तुष्ट पार्न सकिदैन। आवश्यकता अनुसार शैक्षिक समग्री प्रयोग गरेर शिक्षामा गुणस्तर विकास गर्न अजिलो हुन्छ। सिमित स्रोतसाधनलाई विद्यालयले कसरी उपयोग गरेको छ भन्ने बारेमा सम्बन्धि विद्यालयका प्र.अ.हरूबाट लिएको प्रतिक्रियालाई तालिकामा निम्नाुसार प्रस्तुत गरिएको छ।

सिमित स्रोत र साधनको प्रयोग तालिका नं. ५

| क्र.सं. | विवरण | तलव सरकारी | तलव निजी |
|---|---|---|---|
| १. | शिक्षाक मा.वि. | १४००० | ३००० |
| २. | शिक्षक नि.मा.वि. | १०५०० | २५०० |
| ३. | शिक्षक प्रा.वि. | ९५०० | २००० |

स्रोत स्थलगत अध्ययन २०६८

तालिका नं. ५ देखाइएका बमोजिम अध्ययनमा संलग्न विद्यालयहरू स्थलगत अध्ययन गर्दा विद्यालयमा नियुक्ति भएका सरकारी र निजी शिक्षकहरूकोबीच तलबमा अन्तर देखियो जस्मा मा.वि. शिक्षक सरकारीतर्फ तलव १४००० निजीतर्फ ३०००, नि.मा.वि. शिक्षक सरकारी लतवतर्फ १०५०० नजिी तर्फ २५०० र प्रा.वि. शिक्षक सरकारीतर्फ ९५०० र निजीतर्फ २००० एउटै योग्यता भएका शिक्षकहरूको तलवमा यति चभारी अन्तर भएपछि उसले कस्तो मानसिकताले अध्यापन गराउँछ। उसको मनमा द्वन्द्व भइरहन्छ। यस्तो अवस्थामा व्यवस्थापन कठिन हुन्छ।

### ४.२.४. भौतिक व्यवस्थापनः

यस अध्ययनको उद्देश्य विद्यालयमा हुने द्वन्द्वलाई व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने रहेकोले व्यवस्थापनमा प्रभाव पार्ने भौतिक पक्षको पहिचान गरी अनुकुल वातावरण उपलब्ध गराउन सहयोग पुऱ्याउनु हो। त्यसैले विद्यालयको वातावरण मैत्री, विद्यालय जाउँजाउँ लाग्ने, कक्षा कोठामा बसुँ बसू लाग्ने, विद्यालयका भवन, कक्षा कोठा, खेल मैदान, चर्पी, पुस्तकालय,चमेना गृह जस्ता भौतिक स्रोत पर्याप्त मात्रामा हुनु आवश्यक छ। यसै सन्दर्भमा अध्ययनमा संलग्न विद्यालयहरूको भौतिक स्थिति सम्बन्धी जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

अध्ययन संम्लग्न विद्यालयहरूको भौतिक विवरण तालिका नं. ६

| क.सं. | विवरण | प्रर्याप्त | | ठीकै | | कम | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भवन/कक्षाकाठा | १ | ८५ | १ | ४० | १ | १५ |
| २. | फर्निचर | १ | ८५.३३ | १ | ४४.४४ | १ | २२.२२ |
| ३. | शौचालय | १ | ७०.५५ | १ | ५०.५० | १ | २५.२ |
| ४. | खानेपानी | १ | ७४.४४ | १ | ३५.४ | १ | २३.४ |
| ५. | खेलमैदान | १ | ७३.३३ | १ | ३१.४४ | १ | २९.३ |
| ६. | खेलकुद समग्री | १ | ७४.४४ | १ | ३५.३ | १ | २९.४ |
| ७. | पुस्तकालय | १ | २५.४ | १ | १४.२ | १ | १०.६ |
| ८. | घेराबारा | १ | ९० | १ | ८ | ० | ० |
| ९. | कम्प्युटर | ३ | १० | १ | ५ | १ | ५ |

स्रोत स्थलगत अध्ययन २०६८

तालिका नं. ६ अनुसाार अध्ययनमा संलग्न भएका विद्यलयहरूको भौतिक पक्ष अन्तरगत भवन कक्षाकोठा प्रर्याप्त भएको ८५% ठिकै ४०% भने सामान्य २५% विद्यालयको अवस्था भवन कक्षाकोठा अभाव भएको पाइयो।

फर्निचर प्रयाप्त भएको विद्यालय एउटा ८५.३३ पाइयो भने फर्निचर ठीकै रहेको विद्यालय ४४.४४ र सामान्य फर्निचर २२.२२ पाइयो। अध्ययन गरिएका ३ वट विद्यालयहरुमध्ये प्रयाप्त शोचालयको व्यवस्था भएको ७०.५५ ठीकै ५०.५० र कमी २५.२ भएको पाइयो। अध्ययन गरिएका वद्यालयहरू धम्ये प्रर्याप्त खानेपनी व्यवस्था भएकोमा ७४.४४ ठीकै ३५.४ र कमी २३.४ भएको पाइयो। त्यस्तै गरी खेलमैदानको प्रर्याप्त सुविधा भएकोमा ७३.३३, ठीकैमा ३५.४ र कमीमा २९.३ रहेको पाइयो।

खेलकुद साममग्रीका सुविधालाई प्रर्याप्त मात्रामा खेलकुद सामग्री रहेकोमा ७३.३३, ठीकैमा ३५.४ कमीमा २९.४ रहेको पाइयो। पुस्तकालयको सम्बन्धमा प्रर्याप्त मात्रामा पुस्तकालय सुविधा भएकोमा २५.४, ठीकैमा १४.२ र कमीमा १०.६ देखिएकोले विद्यालयहरूमा पुस्तकालयको कमी पाइयो। त्यस्तै गरेर घेराबारा कम्पाउण्ड वाल दुईवटा विद्यालयमामात्र भएको पाइयो। ३ वटै विद्यलयहरूमा कम्प्युटर रहेको पाइयो।

यसबाट प्रष्ट हुन्छ कि अध्ययनमा संलग्न विद्यालयहरूको भौतिक अवस्था त्यति सन्तोषजनक रहेको पाइदैन। उक्त विद्यालयहरूमा प्रयाप्तमात्रामा भौतिक सुविधा भए मात्र हरेका कुरामा द्वन्द्वलाई व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने देखिनछ।

### ४.२.५. योजना निर्माण र व्यवस्थापनः

विद्यालयमा हुने द्वन्द्वलाई व्यवस्थापन गरी गुणस्तरीय शिक्ष दिन तोकिएको समयमा सबै कार्य सम्पन्न गर्न विद्यालयमा आवश्यक विविध योजनाहरू निर्माण गरी सही ढंगबाट कार्यन्वयन गरी द्वन्द्वरहित अवस्थामा गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य हासिल गर्न सकिन्छ। तसर्थ विद्यालयमा सबै प्रकारका योजना तयार गरी कार्यन्वयन गराउन आवश्यक हुन्छ। यसमा विद्यालयका प्र.अं, वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी, स्रोत व्यक्ति, विद्यालय निरीक्षकको प्रतिक्रियालाई तालिकामा प्रस्तुत गरिएको छ।

योजना निर्माणको अवस्थाः तालिका नं. ७

| क्र.सं. | विवरण | तयार गरेका | | तयार गरी कार्यन्वयन गरेको | | तयार नगरेको | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | वार्षिक कार्य तालिका | २ | ६६.६६ | २ | ६६.६६ | १ | ३३.३३ |
| २. | वार्षिक कार्ययोजना | २ | ६६.६६ | २ | ६६.६६ | १ | ३३.३३ |
| ३. | एकाइ योजना | १ | ३३.३३ | १ | ३३.३३ | २ | ६६.६६ |
| ४. | दैनिक पाठयोजना | १ | ३३.३३ | १ | ३३.३३ | २ | ६६.६६ |
| ५. | दैनिक कार्यतालिका | ३ | १०० | ३ | १०० | ० | ० |
| ६ | विद्यालय सुधार योजना | ३ | १०० | ३ | १०० | ० | ० |

स्रोत स्थलगत अध्ययन २०६८

तालिका नं. ७ मा देखाइए बमोजिम अध्ययनमा संलग्न विद्यालयहरू मध्ये ६६.६६% विद्यालयहरू वार्षिक कार्य तालिका तयार गरेको, ६६.६६% ले सो योजना तयार गरी लागु गरेको पाइयो भने ३३.३३% विद्यालयले वार्षिक कार्य तालिका तयार गरेको पाइएन। त्यसैगरी वार्षिक कार्ययोजना निर्माण गर्ने विद्यालयहरू ६६.६६% विद्यालयहरु रहेको पाइयो भने ६६.६६% विद्यालयहरूले लागु गरेको पाइयो। एकाइयोजना तयार गर्ने विद्यालयहरू ३३.३३%ले नै लागु गरेको पाइयो भने एकाइयोजना नै निर्माण नगर्ने विद्यालयहरू ६६.६६% रहेको पाइयो। अध्ययनमा संलग्न विद्यालयहरू मध्ये ३३.३३% पाठ्योजना तयार गरी अध्यापन गराएको र ६६.६६% ले पाठ्योजना तयार नगरेको पाइयो। दैनिक कार्य तालिका शतप्रतिशत विद्यालयहरूले निर्माण गरेको पाइयो र एस.आइ.पि. पनि सबै विद्यालयहरूले निर्माण गरेको पाइयो।

समग्रमा भन्नुपर्दा अध्ययनमा संलग्न सबै विद्यालयहरूले योजनाको आवश्यकता महशुस गरी सबै खाले योजनाहरू निर्माण गरी लागु गरेको पाइयो। योजना बद्धकाममा सम्बनिधत सबै पक्ष सहभागी

हुने, सु-सूचित हुने कारणलाई विद्यालयमा हुने द्वन्द्व स्वयम नै व्यवस्थापन भइ सिदृढ र गुणस्तरीय सिकाइ हुनले यहाँ एफ.डब्लु टेलरको सिद्धान्त सान्दर्भिक देखिन्छ।

### ४.२.६. विद्यार्थी नियमितता र व्यवस्थापनः

विद्यालयमा हुने द्वन्द्व व्यवस्थापन गर्नाले शिक्षामा गुणस्तर बढ्ने, कक्ष छाड्ने र दोहोऱ्याउने दरमा कमी आउने जस्ता सकारात्मक प्रभाव पर्दछ। विद्यालयले समयमा नै विद्यार्थीको ज्ञान बढाउन जीवनमा आवश्यक पर्ने व्यवहारिक ज्ञान सीप प्रदान गर्न र विद्यार्थीकको सारीरिक मानसिक र संवेगात्मक विकासमा महत्वपूर्ण भूमि का खेल्छ। वर्षभरिमा सर्वजनिक विदा र पर्व विदाका दिनहरू कटाएर एक शैक्षिसत्रमा विद्यालय खोल्नुपर्ने दिन निश्चत हुन्छ। कक्षा संचालन, परीक्षा र अन्य क्रियाकलापहरू जस्तै प्रशासनिक योजना र शैक्षिक क्यालेण्डर निर्माणमा लगाएको जम्मा दिन विद्यालय खुलेको दिनमा समावेस हुन्छ र शिक्षा ऐन तथा नियमावलीले वर्षभरिमा कम्तीमा २२० दिन विद्यालय खोल्नु पर्ने र १८० दिन न्यूनतम पाढाइ संचालन गर्नुपर्ने व्यवस्था गरेको छ। अध्ययनमा सलग्न विद्यालयहरू खुलेको दिन पढाई भएको दिन तथा विद्यार्थीको औसत उपस्थितिको अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ।

विद्यार्थीको नियमितताको अवस्था                    तालिका नं. ८

| क.सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | पढाई भएको दिन | विद्यार्थीको औसत उपस्थिति |
|---|---|---|---|---|
| १. | श्री महेन्द्र उ.मा.वि., इटहरा | २२४ | १८३ | १३६ |
| २. | श्री सरस्वती उ.मा.वि., इटहरा | २२० | १८० | १३२ |
| ३. | श्री जनता नि.मा.वि., इटहरा | २३३ | १९२ | १२७ |
| जम्माः- | | २२५.६६ | १८५ | १३१.६६ |

स्रोतः विद्यालयको शैक्षिक विवरण २०६६

माथिको तालिका अनुसार वर्षभरिमा विद्यालय २२०दिन खुल्नु पर्नेमा अध्ययनमा संलग्न विद्यालयहरूमा श्री सरस्वती उ.मा.वि. इटहरा २२० दिन, श्री महेन्द्र उ.मा.वि. २२४ र श्री जनता नि.मा.वि. इटहरा २३३ दिन विद्यालय खुलेको पाइयो।

वर्षभरिमा कम्तीमा १८० दिन पठनपाठन हुनुपर्नेमा सबै विद्यालयहरू सो भन्दा बढी दिन पढाई सञ्चालन भएको पाइयो। सबैभन्दा बढी जनता नि.मा.वि. इटहरामा १९२ दिन पढाई सञ्चलन भएको पाइइयो। यस्तै सबभन्दा बढी औसतमा महेन्दै उ.मा.वि. इटहराको विद्यार्थीहरूको औसत उपस्थिति १३६ दिन रहेको र जनता नि.मा.वि. इटहरा सबभन्दा कम विद्यार्थीको औसत उपस्थिति १२७ दिन रहेको देखिन्छ। यसरी तथ्याँकलाई हेर्दा विद्यार्थीको औसत उपस्थिति कम रहेको हुनाले शान्त वातावरणमा बिना द्वन्द्व सम्प?र्ण पक्षको व्यवस्थापन गरेर विद्यालय संचालन गरेमा विद्यार्थीको ौसत उपस्थिति बढाउन सकिने देखिन्छ।

### ४.२.७. निरीक्षण तथा अनुगमन व्यवस्थापनः

शिक्षाको गुणस्तर बढाउन शिक्षकको कार्य सम्पादनको नियमित अनुगमन र पृष्ठपोषण उपलब्ध गराउन सकेको खण्डमा द्वन्द्व व्यस्थापन हुन सक्छ। यस उद्देश्यका लागि सम्बद्ध सबै संस्थाहरू र अधिकारीहरूले सहयोग उपलब्ध गराउन आफ्नो पेशामा उत्साही बनाउन र आफ्नो पेशाप्रति जवाफ्देही बनाउनु पमत्वपूर्ण भूमिका खेल्नु पर्दछ। विद्यालयको अनुगमन शिक्षण संचालनको

सुपरिवेक्षण कक्षा कोठाको सहजीकारण गर्ने उद्देश्यले स्रोतकेन्द्रहरू स्थापना गरिएका छन्। स्रोत व्यक्ति, वि.नि., वि.व्य.स.का पदाधीकारीहरू, प्र.अ. तथा अन्य निकायबाट निरन्तर रुपमा अनुगमन गरी देखिएका कमी कम्जोरी औंल्याई समयमै सुधार गर्नु सकिएमा द्वन्द्वको व्यवस्थापन हुँदै अपेक्षित उद्देशय हाँसिल गर्न सकिन्छ। यस अध्ययनमा छनौट गरिएका विद्यालयहरूमा निरिक्षण तथा अनुगमनको स्थिति जानकारी लिने उद्देश्यले प्र.अ. शिक्षक वि.व्य.स.लाई भराइएका प्रशनका आधारमा प्राप्त तथ्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

निरिक्ष तथा व्यवस्थापन विवरण तालिका नं. ९

| क्र.सं. | विद्यालयको नाम | स्रोत व्यक्ति | वि.नि. | अन्य निकायका व्यक्ति |
|---|---|---|---|---|
| १. | श्री महेन्द्र उ.मा.वि., इटहरा | २ | २ | ४ |
| २. | श्री सरस्वती उ.मा.वि., इटहरा | २ | ३ | २ |
| ३. | श्री जनता नि.मा.वि., इटहरा | ३ | २ | १ |
| जम्मा | | ७ | ७ | ७ |

स्रोत स्थलगत अध्ययन २०६८

तालिका ९ अनुसार छनौट गरिएका विद्यालयहरूमा स्रोतव्यक्ति, वि.नि. र अन्य निकायाट सबै भन्दा धेरै महेन्द्र मा.वि. यटहरामा ८ पटक निरिक्षक तथा अनुगमन गरेको पाइयो। सबभन्दा कम जनता नि.मा.वि. इटहरामा ६ पटक मात्र निरिक्षण तथा अनुगमन गरेको पाइयो। त्यसैगरी सरस्वती उ.मा.वि.मा ७ पटक निरीक्षण गरेको पाइयो।

उक्त तालिका अनुसार निरिक्षण तथा अनुगमन न्यून रहेको पाइन्छ। यतिले मात्र द्वन्द्व व्यवस्थापन गर्दै सिकाइमा सुधार ल्याउन प्रर्याप्त छैन। विद्यालय निरिक्षणको मुख्य उद्दश्य शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाइ अपेक्षित उद्देश्य पुरा गर्न विद्यालयमा हुने द्वन्द्व न्यूनिकारणका लागि सहयोग पुऱ्याउनु हो। प्रभावकारी निरिक्षण अनुगमनले शिक्षक, प्रशासक तथा निरिक्षक बीच आत्मिय सम्बन्ध र सहयोग कायम हुन्छ। जसले गर्दा शिक्षकलाई परेका समस्याहरू तन्तरक्रियाको माध्यमद्वारा छलफल गरी समाधान गर्न सकिन्छ।

### ४.२.८. विद्यार्थी मुल्याङ्कन व्यवस्थापनः-

अधिकांश विद्यालयहरूमा विद्यार्थी मुल्याङ्कनको राम्रो परिपाटी नभएको अवस्था छ। शिक्षकहरू आफ्नो विषयको उत्तरपुस्तिका अर्कोलार्य छारोछारीहरूलाई परीक्षण गर्न दिन्छन् कसैकसैले उत्तरपुस्तिका नै नहेरी एकै चोटी सिनामा नम्बर दिनछन्। जस्ले गर्दा धेरै प्राप्ताङ्क ल्याउनेले कम र कम ल्याउनेले बढी प्राप्तांक प्राप्त गर्दछ। जस्ले गर्दा विद्यालयमा प्रधानाध्यापक, शिक्षक र विद्यार्थीबीच द्वन्द्वको सिर्जना हुन्छ। वर्षमा ती पटक परीक्षा संचालन गरेर मुल्याँङ्कन गर्ने चलन छ यो पुरानो ढाँचा बनिसकेको छ। विवादरहित, द्वन्द्वरहित मुल्याङ्कन प्रणली अवलम्बन गर्न निरन्तर मुल्याङ्कन प्रणालीलाई अनुसरण गर्नुपर्ने हुन्छ। जस्ले गर्दा विद्यार्थीले कक्षा दोहोऱ्याउने अवस्था पर्दैन। अधिकांश विद्यालयहरूमा विद्यार्थीहरू असफल हुने कारण पनि निरन्तर मुल्याङ्कन प्रणालीको अभाव नै हो। यसै सन्दर्भमा अध्ययनका लागि छनौट गरिएको विद्यालयहरूमा विद्यार्थीको सिकाइ अवस्था कस्तो भनी विद्यार्थीको पढाई अवस्था र प्रगतिबारे जानकारी लिन प्र.अ. शिक्षक, अभिावकलाई भराइएको प्रश्नावलीको आधारमा प्राप्त तथ्यांकलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

मुल्याङ्कन व्यवस्थापन सम्बन्धी विवरण तालिका नं. १०

| क्र.सं. | विवरण | विद्यालय संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकैचाटी वार्षिक नतिजा प्रकाशन गर्ने समयमा | १ | ३३.३३ |
| २. | प्रत्येक महिनामा एक पटक | १ | ३३.३३ |
| ३. | प्रत्येक चौमासिक, अर्धवार्षिक, वार्षिक परीक्षा पश्चात | १ | ६६.६६ |
| ४. | ६/६ महिनामा | १ | ३३.३३ |

स्रोत विद्यालय सर्वेक्षण

तालिका नं. १० लाई विस्लेषण गर्दा सबैभन्दा बढी ६६.६६%विद्यालयले विद्यार्थीको स्तर कस्तो छ भनी परीक्षा पश्चात विश्लषण गर्ने गरेको पाइयो। भने एकैचाटी वार्षिक परीक्ष पश्चा नतिजा प्रकासनको समयमा मात्र विद्यार्थीको सिकाइ विश्लेषण गर्ने ३३.३३%विद्यालय पाइयो। त्यस्तै प्रत्यक महिनामा र ६/६ महिनामा जानकारी लिने विद्यलयहरू ३३.३३% रहेको पाइयो। उपरोक्त तथ्याङ्कबाट विद्यालयमा निरन्तर मुल्याङ्कन पणलीको अभावबाट विद्यार्थीको सही मुल्याङ्कन नभाई द्वन्द्वको अवस्था आउन सक्ने अवस्था देखियो।

**४.२.९. आचारसंहिता व्यवस्थापनः-**

विद्यालयमा शिक्षण सिकाइलाई अनुकुल बनाउन द्वन्द्वमुक्त वातावरणको व्यवस्थापन गर्न आवश्यक हुन्छ। जसका लागि कक्षाकोठाको वातावरण अनुकुल हुनुपर्छ। विद्यालयको भौतिक वातावरणलाई खल्बल्याउन नदिन स्वच्छ शैक्षिक वातावरण कायम राख्नका लागि विद्यालयमा आचासंहिता लागु गर्नुपर्दछ। यदि शिक्षक तथा विद्यार्थीहरू अनुशासित छन् भने अनुशासित कक्षाकोठा र सिकाइ वातावरण पनि द्वन्द्वरहित सहज हुँदै जान्छ। शैक्षिक स्तरमा वृद्धि भएर जान्छ। तसर्थ विद्यालयमा शैक्षिक वातावरण अनुकूल बनाउन शिक्षक तथा विद्यार्थी नियमित गराउन विद्यार्थीहरूलाई कर्तव्य र जिम्मेवारी प्रति बफादार बनाउन आचारसंहिता निर्माण गरी कार्यन्वयन गर्नुपर्ने हुन्छ। यसै सन्दर्भमा अध्ययनका लागि छनौट गरिएका विद्यलयहरूमा आचारसंहिताको निर्माण एवम् कार्यन्वयको स्थितिको सम्बन्धमा उत्तरदाताबाट प्राप्त प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

आचारसंहिता निर्माण कार्यन्वयन र व्यवस्थापन आलिका नं. ११

| क्र.सं. | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स. | | औसत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | आचारसंहिता निर्माण गरी कार्यन्वयनमा ल्याइएको छ। | २ | ६६.६६ | २ | ६६.६६ | २ | ६६.६६ | २ | ६६.६६ |
| २. | यसको आवश्यकता महशुस गरिएका छैन। | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | आचार संहिता निर्माण गरिएको छ तर कार्यन्वयन नभएको अवस्था छ | १ | ३३.३३ | १ | ३३.३३ | १ | ३३.३३ | १ | ३३.३३ |
| ४. | अब निर्माण गरी कार्यन्वयन गर्नु पर्ला | ० | ० | ० | ० | ० | ० | ० | ० |

स्रोत स्थलगत सर्वेक्षण २०६८

तालिका नं. ११ लाई विश्लेषण गर्दा औसत ६६.६६% प्र.अं, शिक्षक, वि.व्य.स. अध्यक्षहरूले द्यिलयमा आचारसंहिता निर्माण गरी कायृ नवयन गर्ने गरेको पाइयो भने औसत ३३.३३% प्र.अं, शिक्षक, वि.व्य.स. अध्यक्षहरूले आचारसंहिता निर्माण गरेको तर कार्यन्वयन नभएको अवस्था बताएका छन्। यसको आवश्यकता महशुस गरेको छ। र छैन भन्नेमा आवश्यकता महशुस गरिएको भन्नेमा १००% र छैन भन्नेमा ०% मत प्राप्त भयो। सबैले आचार संहिता निर्माण गरेको पाइयो। उपराक्त तालिकामा उल्लेख भए अनुसार अधिकांश विद्यालयहरूमा आचारसंहिता लागु गरेको पाइयो भने आचारसंहिता लागु नगर्ने विद्यालयहरूले पनि आचारसंहिता विद्यालयमा आवश्यक छ भन्ने कुरामा जोड दिइएको पाइयो।

### ४.२.१०. छात्रवृति पुरस्का तथा अन्य सहयो व्यवस्थापनः-

विद्यालयमा पहुँचको अभावले, द्वन्द्वका कारणले, आर्थिक अभावले, चेतनाको कमीले विद्यालय आउन नसक्ने विद्यार्थी हरूको लागि छात्रवृति तथा अन्न सहयोग कार्यक्रम प्रभावकारी बनेको छ। विद्यालयमा भर्ना पहाँच र सहभागिता अभिवृद्धि भएको छ। छात्रवृति कार्यक्रममा सरकारले ठूलो धनराशी खर्च गदै आएको छ। प्राथमिक तहमा अध्ययनरत ५०% छात्रालाई छात्रवृति रकम, दलित र सिमान्तकृतलाई, लोपोन्मुखलाई, छात्रवृति रकम वितरण गर्ने गरेको छ। गरिब तथा जेहेन्दार मा.वि.का छात्रछात्रलाई छात्रवृतिको व्यवस्था गरेको छ। कक्षा १-१० सम्म पाठ्यपुस्तक निशुल्क र निशुल्क अध्ययनको व्यवस्था गरेको छ। गरिक र पिछडिएका बालबालिकाहरूलाई यस कार्यक्रमले आकर्षण बढाएको छ। यस ले विद्यार्थीको भहर्नादर नियमितता कक्षा उत्तीर्ण दरमा सुधार ल्याएको छ। त्यस्तै पुरस्कार वितरण कार्यक्रम माकर्फत पनि विद्यार्थीको शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिन्छ। विद्यालयमा विद्यार्थीहरूको उचित मुल्याङ्कन गरी जेहेन्दार विद्याथीको नियमितता, अनुशासन, खेलकुद, सरसफाई आदि क्षेत्रमा सक्रिय हुने विद्यार्थीलाई उभितपुरस्कारको व्यवस्था गर्नाले पनि विद्यार्थीको सहभागिता बढ्छ। विद्यलयमा खाजाको व्यवस्था गरेर कपी कलम निशुल्क वितरण गरेर पनि विद्यार्थीलाई आकर्षित बनाउन सकिन्छ। त्यसैगरी विद्यालय स्वागत कार्यक्रम गरेर पनि विद्यार्थीहरूको नियमित रुपमा विद्यालय पठाउन घरको पढाइमा सहयोग गर्न सल्लाह दिन आवश्यक हुन्छ। यस्ता कार्यक्रमले विद्यालयमा हुने द्वन्द्वलाई व्यवस्थापन गर्न सकिन्छ।

यसै सन्दर्भमा अध्ययनका लागि छनौट गरेका विद्यायहरूमा विद्यार्थीलाई विद्यालयको पहँचमा ल्याउन द्वन्द्वरहित अवस्थामा शिक्षण सिकाइमा सुधार ल्याउन के कस्ता कार्यक्रमहरू गर्ने गरेकोछ भनी उत्तरदाताहरूलाई गराइएको प्रश्नावलीका आधारमा प्राप्त जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

छात्रवृति पुरस्कार तथा अन्य सहयोग व्यवस्थापनको प्रभावको स्थिति विवरण। आलिका नं. १२

| क्र.सं. | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स. | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | छात्रवृति पाउने विद्यार्थीहरूको सिकाइमा सुधार आएको | ३ | १०० | ३ | १०० | ३ | १०० |
| २. | छात्रवृतिले विद्यार्थीलाई विद्यालयप्रति अनाकर्षित भएको | ३ | १०० | ३ | १०० | ३ | १०० |
| ३ | पुरस्कार पाउने विद्यार्थीको सिकाइ उपलब्धीमा वृद्धि भएको | २ | ६६.६६ | २ | ६६.६६ | २ | ६६.६६ |
| ४. | खाजाको व्यवस्थाले विद्यार्थीकोसहभागिता र नियमितता वृद्धि हुनुका साथै सिकाइमा सुधार ल्याउन सहयोग गरेको | १ | ३३.३३ | १ | ३३.३३ | १ | ३३.३३ |
| ५. | विद्यालय स्वागत कार्यक्रमले विद्यालयप्रति सकारात्मक धारण दिएको | १ | ३३.३३ | १ | ३३.३३ | १ | ३३.३३ |

स्रोत स्थलगत सर्वेक्षण २०६८

माथिको तालिका अनुसार १००% उत्तर दाताले छात्रवृति पाउने विद्यार्थीहरूको सिकाईमा वृद्धि भएको बताएका छन् भन् सबै प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्षहरूले विद्यालयमा प्राप्त छात्रृति वितरणले विद्यार्थीहरू विद्यालयीय शिक्षा प्रति आकर्षित भएको बताएका छन्। त्यस्तै पुरस्कार तिरणले ६६.६६% औसत विद्यार्थीको सिकाई गुणस्तरमा विकास भएको पाइयो। खाजाको व्यवस्थाले औसतमा ३३.३३% विद्यार्थीहरूको सहभागिता बढेको र विद्यालय स्वागत कार्यक्रमले ३३.३३% विद्यार्थीहरूको औसत सहभागिता बढेको पाइयो।

छात्रवृति पुरस्कार खाजा कपीकलम वितरण जस्ता विविध कार्यक्रमले विद्यार्थी तथा अभिभावकहरूलाई विद्यालय र शिक्षाप्रति आकर्षित गराएको देखाएको छ। यस्ता कार्यक्रमले विद्यार्थीलाई हौसदला प्रदान गर्ने उत्प्रेरित र जागरुक बनाउने विद्यालयमा नियमिता आउने बानी बसाउनुको साथै पढाइमा ध्यान दिने बानीको विकास हुन्छ। यसले विद्यार्थीहरूलाई पुनर्वल प्रदान गर्दछ भन्ने बि.एफ्. स्किनरको भनाई पुष्टि भएको छ। छात्रवृति पुरस्कार र अन्नय सहयोगमा पाउनु पर्नेले नपाएको र नपाउनु पर्नेले पाएको अवस्था रह्यो भने विद्यालयमा द्वन्द्वको अवस्था आउँछ। र यसको सही व्यवस्थापन शिक्षक, वि.व्य.स.को सहयोगमा प्र.अ.ले गर्नुपर्ने देखिन्छ।

### ४.३. द्वन्द्व व्यवस्थापनमा प्र.अ.को भूमिकाः-

विद्यालय प्रशासन भनेको प्रधानाध्यापक हो। प्रधान अध्यापकले शैक्षिक सेवाहरू सक्षम, सवल एवम् प्रभावकारी ठंगले संचालन गराउनु पर्नेहुन्छ। विद्यालमा शिक्षण सिकाइमा आधारित लक्ष्यहरू तथा

नीतिहरूको विकासमा सहायता गर्न शिक्षण सिकाइको उपयुक्त कार्यक्रमको विकासमा उत्प्रेरित गर्न र शिक्षक सिकाइ कार्यको संचालन गर्न कर्मचारी र सहयोगीहरूको आवश्यकता पर्दछ। विद्यालय प्रशासनको मार्गदर्शक विद्यालयको प्रअ हो शिक्षामा गरिएको लगानीलाई सही तरिका बाट कार्यन्वयन गर्ना लागि विद्यलय प्रशासनको महत्वपूर्ण भुमिका रहेको हुन्छ। विद्यालयीय शिक्षामा लगानी गरेर मात्र हुँदैन त्यस लगानीको सही र संगठित रुपमा परिचलन गरिनु पर्दछ। यसमा सक्षम प्रधानाध्यापकको आवश्यकता पर्दछ।

विद्यालय प्रशासक वा प्र.अ.ले निर्दिष्ट लक्ष्य प्राप्त गर्न सामूहिक रुपमा काम गर्ने वातावरण तयार गर्नुहो। अर्को शब्दमा भन्दा संगठन भित्र सामूहिक भावनाको विकास गरी लक्ष्या प्राप्ति तर्फ दोहोऱ्याउने वातावरणको विकास गर्ने नै विद्यालय प्र.अ. हो। संस्थाभित्र सामूहिक भावनाको विकास गरी शैक्षिक उद्देश्य प्राप्त गर्ने कार्यमा उपयुक्त वातावरण सिर्जना गर्ने कार्यलाई विद्यालय प्रशासनको रुपमा लिन सकिन्छ। विद्यालय तथा शैक्षिक संस्थाहरू सामाजिक भावनाले स्थापना गरिएका हन्छन् त्यसैले यिनीहरू सामाजिक संस्थाहुन्। तसर्थयिनीहरूको संचालनमा कुशल र सक्षम प्रशासकको आवश्यकता पर्छ।

शिक्षा प्रणालबिाट प्रतिपादि उद्देश्य पुरा गर्न सैद्धान्तिका पक्षलाई यथार्थ रुपमा व्यवहारमा उतार्ने कार्यमा केही कठिनाइहरू, दुविधाहरू द्वन्द्वहरूको पनि सिर्जना हुने गर्दछ। विद्यालय प्‍्रशासनमा प्र.अ.ले निम्न विषयहरूलाई अध्यावधिक गर्नु पर्दछ। जसले गर्दा विद्यालयमा हुने द्वन्द्व व्यवस्थापन भएर जान्छ। प्र.अ.को भूमिका निम्न बमोजिम हुनुपर्ने पाइयो।

क) विद्यमान ऐन नियम शिक्षा ऐन अनुसार विद्यालय कार्यक्रम संचालन गर्नु ।
ख) शिक्षक विद्यार्थीको अनुशासन र नियमितता पालन गर्नु ।
ग) विद्यालयले आर्थिक कारोवारलाई पारदर्शी बनाउँदै प्रचलित नियम बमाजिम लेखा राख्नु।
घ) नियम अनुसार लेखापरीक्षण गर्नु र प्रतिवेना सार्वजानिक गर्नु।
ङ) बजेट निर्माण गरी व्यवस्थापन समितिबाट स्वीकृत गराउनु।
च) विद्यालयको चलअचल सम्पती तथा अभिलेख सरक्षित राख्नु।
छ) शिक्षक विद्यार्थीको मूल्याङ्कन गरी अभिलेख राख्नु।
ज) शिक्षकको कार्यसम्पादन मुल्याङ्कन राख्नु।
छ) विद्याथीृ भर्ना र हाँजिरी गर्नु।
झ) विद्यार्थी प्राप्ताङ्क अभिलेख राख्नु।
ञ) विद्यालय संचालन नियम र कार्यविधीको पालनआ गर्नु गराअउन।
ट) विद्यालयको महत्वपूर्ण कागजात र अभिलेख अध्यावभिक राख्नु।
ठ) शिक्षक नियुक्ति र सेवा सर्त सम्बन्धी सुविधा प्रदान गर्नु ।
ड) विद्यालयका लागि स्रोत साधन जुटाउनु।
ढ) विद्यार्थी परामर्श सेवा उपलब्ध गराउनु ।
ण) मर्यादाक्रमका आधारमा जिम्मेवारी प्रदान गर्नु।
त) सामूदायिक भेला, अभिभावक भेला र पेशागत अन्तरक्रिया गर्नु।
थ) विद्यालयमा उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्नु।
द) भवन, कक्षाकोठा र फर्निचरको व्यवस्था गर्नु।
ध) नियमित शिक्षक बैठक अन्तरक्रिया र सिकाइको समीक्षा गर्नु।
न) छात्रवृति, पुरस्कार र अन्य सहयोग उपलब्ध गराउनु।
प) विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको व्यवस्था गर्नु।

फ) वि.व्य.स., शिक्षक अभिभावक संघ, शिक्षक कर्मचारीलाई आ-आफ्नो अधिकार र जिममेवारी बारे जानकारी गराउनु।

ब) शिक्षक कर्मचारीलाई पनि पुरस्कृत गर्नु ।

भ) संस्था मैत्री विद्यालय र कर्मचारी सम्बन्ध कायम गर्नु।

म) महगीका आधारमा पारिश्रमिकको व्यवस्था गर्नु

माथि उल्लेखित कुराहरूलाई व्यवस्थापन गर्न नसकेको अअवस्थामा नै एकआपसमा संका उपसंका मनमुटाव द्वन्द्व हुन हुनाले प्र.अ.ले माथिका सबै कुरामा समन्वय गरेर लानु पर्दछ। र द्वन्द्वको व्यवस्थापन हुनछ।

**४.४ विद्यालमा हुने द्वन्द्व व्यवस्थापनका समस्याः-**

विद्यालयमा निरन्तर द्वन्द्व भइरहन्छ। सानामसिना कुराले पनि झैझमेला हुने गर्दछ। द्वन्द्व व्यवस्थापन गर्न सबै विद्यालयका प्रधानाध्यापकहरू प्रयत्नशील रहन्छन् नै आफु प्र.अ. रहेको संस्थामा उन्नति प्रगति गर्ने चाहना सबैमा हुन्छ। तर पनि द्वन्द्व यवस्थान गर्ने कुरामा केही समस्याहरू छन् जस्लाई निम्नानुसार प्रस्तुत गरिएको छ।

क) विगत १०/१२ वर्षदेखि विद्यालयहरूमा पठनपाठनको श्रृङ्खला विछिन्न भएर शिक्षकहरूले नपढाउने र विद्यार्थीहरू नपढ्ने संस्कृतिको विकास हुन पुगको छ । यसका लागि द्वन्द्व र दण्डलाई दोष दिने मानसिकता नै मुख्य कारण बनेको छ।

ख) विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघहरू सक्रिय छैनन्। शिक्षक कर्मचारी बीच सुमधुर सम्बन्ध देखिँदैन उनीहरू बीच शीत युद्ध चलिरहन्छ। जसले गर्दा द्वन्द्व व्यवस्थापन गर्न असजिलो हुँदै गएकोछ।।

ग) विद्यालय व्यवस्थापन समितिमा विशेष योगदान दिएका र दिन सक्नेलाई पछाडि पार्दै राजनीतिक भाग बण्डाको आधारमा योगदान दिन नसक्ने, बिचार दिन नसक्ने बैठकमा उपस्थित हुन नसक्ने अनुचित मानिसहरूको प्रवश भएको छ। जसले गर्दा द्वन्द्व बढेर गएको छ।

घ) प्रधान अध्यापक र शिक्षकको पदको अवस्था समान छ। शिक्षकहरू प्राय आफू जाने र पनि काम गर्दैनन्। प्रधान अध्यापकलाई पनि टेर्दैनन्। जसले गर्दा प्र.अ. र शिक्षकबीच द्वन्द्व भइरहन्छ।

ङ) कक्षकोठामा तालिमको प्रयोग हुँदैन। तालिमको प्रयोग भए नभएको राम्रो हेर्ने र कक्षा अवलोकन गर्ने परिपाटी छैन। जसले गर्दा तालिमको प्रयोग गर्ने र नगर्नेमा केही भिन्नता नभएपछि उसले पुरनै शैली अपनाउँछ। त्यो अन्तरमनमा उत्पन्न हुने द्वन्द्व हो।

च) पाठ्क्रम र पाठ्या पुस्तकको अन्तरसम्बन्ध शिक्षकले बुझ्ने प्रयास गरेको देखिादैन।

छ) विद्यालय निरीक्षण गर्ने, कक्षा अवलोकन गर्ने कार्य वि.नि. स्रोत व्यक्ति, प्र.अ. कसैले गरेको पाइदैन।

ज) शैक्षिक सामग्रीको लागि रकम अप्रयाप्त छ। राजनीतिक दवादले विद्यालयलाई अत्यावश्यक रकम उठाएर प्रयोग गर्न दिइरहेको छैन। तिर्न सक्ने अवस्था भएका अभिभावकबाट पनि विद्यालयले सहयोग पाइरहेको छैन। विद्यालयमा प्रशासनिक नियन्त्रण नरहनु, शिक्षकहरू संघ, संगठन मार्फत राजनैतिक झुकाव र राजनैतिक शक्तिशालीहरूसँगको पहुँच र सहयोगले गर्दा टिकिरहन सक्ने, सुविधा पाउने अवस्थामा छन्। २०४७ साल पछिको अवस्था प्र.अ. तथा विद्यालय प्रशासन दुर्लव छ। काम गर्न सक्दैन।

झ) घरबाट विद्यालय नजिक रहने शिक्षकहरू घरायसी काममा बढी व्यस्त हुन्छन्। मौका परे सुत्छन् पनि यसैले पनि द्वन्द्व व्यवस्थापनमा समस्या छ।

ञ)योग्य शिक्षक छनोट गर्ने निकाय शिक्षक सेवा आयोगले उमेद्वारको प्राविधिक क्षमता देखिने गरी परीक्षा सञ्चालन गर्न सकेको पाइदैन। विषयतग प्रश्न फालिदिएर परीक्षा लिँदैमा गुणस्तरीय परीक्षा हुनसक्दैन।

ट) शिक्षक मुल्याङ्कन र वृति विकास को पद्धति त्रुटिपूर्ण छ। फर्म भरेर अंक दिने परिपाटीले उसको दक्षता मुल्याङ्कन हुन सक्दैन।

ठ) व्यवस्थापन समितिका गठन प्रकृया व्यवहारिक छैन। यसले गर्दा विद्यालय शिक्षा, शिक्षक, पाठ्यक्रम मुल्याङ्कन, तालिम भौतिक अवस्था सरसफाइ आदिबारे जानकारी राख्न व्यवस्थापन समितिहरू सक्षम देखिँदैनन्। र द्वन्द्व भइरहन्छ।

# परिच्छेद -पाँच प्राप्ति, निष्कर्ष र सुझाव

यस परिच्छेदमा अघिल्ला खण्डमा प्रस्तुत भएका विश्लेषण र प्राप्त भएका तथ्याङ्कहरूका आधारमा अध्ययनको मुख्य प्राप्ति निष्कर्ष र सुझावलाई प्रस्तुत गरिएको छ। यसमा अध्ययनका लागि छनौट भएका विद्यालयका समग्र पक्षलाई केलाउँदा प्राप्त भएका तथ्याहरू र विद्यालय द्वन्द्व व्यवस्थापनमा प्र.अ.को भूमिकाका वैध तत्वहरूका बारेमा प्राप्त भएका प्राप्तिलाई उल्लेख गरिएको छ।

५.१. प्राप्ति

**विद्यालयमा हुने द्वन्द्वको अवस्था :-** यस अध्ययनको क्रममा प्राप्त भएका तथ्यहरूको आधारमा मोरङ जिल्लाको इटहरा गा.वि.स. अन्तरगतका विद्यालयहरूमा भर्ना भएका जम्मा विद्यार्थी ४३९ जना रहेको जस्मा द्वन्द्वको कारणले ४८ जना विद्यार्थीहरूले विद्यालय छाडेको पाइयो। गरिबीको कारणले जिउनका लागि बाबुआमाले काम गर्न जाने, पढ्ने उमेरका नानीहरूले भाइ बहिनी हेरेर बस्नु पर्ने वा आमाबुबुका पछाडि काम गर्न हिँड्नुपर्ने अथवा घरेलु कामदारको रुपमा बस्नुपर्ने कारणले पनि विद्यार्थीहरूले विचैमा विद्यालय छाडेका पाइयो। यसरी भर्ना भाएका जम्मा विद्यार्थीहरू मध्ये १०.९३ प्रतिशतले विद्यालय छोडेको पाइयो।

**सामाजिक स्तरिकरणबाट द्वन्द्वः :-** यस अध्ययनमा संलग्न विद्यालयका विद्यार्थीहरू विभिन्न सामाजिक परिवेसबाट आएका हुन्छन् समाजमा स्तरीहकारणको व्यापक प्रभाव पर्ने हुनाले यसकै आधारमा विद्यालयमा पनि विभिन्न प्रकारका द्वन्द्वहरू भइरहन्छन्। पछि परेका जातीहरू जति विद्यालयमा भर्ना भए ती सबै परीक्षामा सामेल हुँदैनन्। सामेल भएपनि सबै उत्तीर्ण नभएको पाइयो। यस अध्ययनमा सतार जातीका विद्यार्थीको अध्ययन गरियो। जस्मा १७५ जना विद्यार्थी भर्ना भएको पाइयो। भने ९२ जना परीक्षामा सामेल र ४६ जना मात्र उत्तीर्ण भएको पाइयो। अध्ययनमा संलग्न सबै विद्यालयहरूमा विद्यार्थी टिकाउ दर बढाउनु पर्ने देखियो। यसबारे कार्यशाला गाष्ठी र अन्तरक्रिया हुने गरेको पाइयो।

**विद्यार्थीहरूको सिकाइ उपलब्धी र द्वन्द्व :-** जीवन बाँच्नकै लागि द्वन्द्व गर्नुपर्ने स्तरका विद्यार्थीहरू यस अध्ययनमा संलग्न विद्यालयहरूमा पाइयो। खासगरी नेपालमा भएको शसस्त्र द्वन्द्वबाट तर्सिएर हुनेखानेले आफ्ना नानीहरूलाई विदेश लगेर पढाएको पाइयो। धेरै जनाले अर्काको भरमा घरेलु कामदार बनेर समय अभावको कारण विद्यालय छोडेको पाइयो। जस्ले गर्दा सिकाई उपलब्धीमा कमी देखियो।

**विद्यलयमा द्वन्द्वको कारण :-** अध्ययनमा संलग्न विद्यालयहरूमा शिक्षक कर्मचारीको सेवा सुविधा पदोन्नती, विद्यार्थी भर्ना, मुल्याङ्कन, शिक्षक कर्मचारीको, जिम्मेवारी हेरफेर, पुरस्कार र प्रशंसामा अनियमित भएमा द्वन्द्व बढेर जान्छ भन्ने तथ्य पाइयो। समुदायिक विद्यलयमा मूल्याङ्कन, नियन्त्रण, अनुगमन सही ठंगले नभएको कारण पनि द्वन्द्व भएको पाइयो।

**मानवीय व्यवस्थापनः-** अध्ययनमा सम्लग्न विद्यालयहरूमा शिक्षकहरूको न्यून उपस्थिति रहेको पाइयो। २० जना शिक्षक भएको विद्यालयमा ८ जना, २५ जना भएकोमा ७ जना र १० जना शिक्षक भएकोमा ३ जना अनुपस्थित रहेकाले मानवीय पक्ष कम्जोर देखियो । शिक्षकहरूमा क्षणिक लाभाको आधारमा विद्यालयको पठनपाठनमा व्यवास्था गरेका पाइयो।

**संगठनात्मक वातावरण :-** यस अध्ययनमा स.लग्न विद्यालयहरूको सांगठानिकब वातावरण र संम्रचना राम्रो भए पनि आफ्नो जिम्मेवारी बाट पन्छिने र कम ठग्ने प्रवृति पाइयो।

**सिमित स्रोतसाधनः-** अध्ययनमा संलग्न सामुदायिक विद्यालयहरूमा स्रोत साधनको प्रयोग राम्रैसँग भएको पाइयो। विद्यालयमा हुने द्वन्द्व कम गरेर गुणीतरीय शिक्षा प्रदान गर्नको लागि थोरै तलवमा निजी स्रोतमा शिक्षकहरू राखी पठनपाठन गराइएको पाइयो।

**भौतिक व्यवस्थापनः -** अध्ययनमा संलग्न विद्यालयहरूमा प्राय गरेर भौतिक सम्पन्नता पाइयो। तर पनि व्यवस्थापकीय पक्ष कम्जोर देखिएकाले मर्मत सम्भार र सरसफाईको कमी देखियो।

योजना निर्माण र व्यवस्थापनः- अध्ययनमा संलग्न प्राय सबै विद्यालयहरूले वार्षिक कार्यतालिका, वार्षिक कार्ययाजन, इमाइ योजना, दैनिक पाठयोजना, दैनिक कार्यतालिका विद्यालय सुधार योजना निर्माण गरिसकेको भए पनि कतिमा कार्यन्वयन हुन बाँकी रहेको पाइयो।

**विद्यालर्थी नियमितता र व्यवस्थापनः-** एक वर्षभरिमा हुने ३६५ दिन मध्ये सार्वजानिक विदा र पर्व विदाका दिनहरू काटाएर एक शैक्षिक सत्रमा विद्यालय खुल्नुपर्ने दिन जम्मा २२० र न्यूनतम पढाई हुनुपर्ने दिन १८० दिन नियमावलीमा व्यवस्था भइसकेको भएइ पनि अध्ययनमा संलग्न विद्यालयहरूको अवस्था हेर्दा श्री महेन्द्र उ.मा.वि. मा विद्यालय खुलेको दिन २२४ र पढाइ भएको दिन १८३ दिन, सरस्वती उ.मा.वि.मा विद्यालय खुलेको २२० दिन पढाइ भएका १८० दिन, जनता नि.मा.वि. इटहरामा विद्यालय खुलेको दिन २३३ र पढाइ भइर्को दिन १९२ र विद्यार्थी आसत उपस्थिति १३१ रहेको पाइयो। विद्यालय खुलेको दिन २२५.६६%।

**निरिक्षक तथा अनुगमन व्यवस्थापनः-** अध्ययनमा संलग्न विद्यलयहरूको निरीषण र अनुगमन प्रणली राम्रो पाइएन। वर्षमा २ पटकमात्र स्रोत व्यक्ति, वि.नि. र अन्य पनकायबाट निरीक्षक अनुगमन गरेको पाइयो।

**विद्यार्थी मूल्याङ्कन र व्यवस्थापनः-** अध्ययनमा संलग्न विद्यालयहरूमा निरन्तर मुल्याङ्कन प्रणली अनुसरण गरेको कमै पाइयो। मुल्याङ्कन प्रणलीमा नयाँ पद्धतिको विकास भएको पाइएन।

**आचार संहिता व्यवस्थापनः-** अध्ययन गरिएका विद्यलयमा आचार संहिता निर्माण गरेको पाइए पनि पूर्णरुपमा त्यसको कार्यन्वयन भएको पाइएन।

**छात्रावृति, पुरस्कार र अन्य सहयोग :-** छात्रवृति तथा पुरस्कार र अन्य सहयोग प्रदान गर्न अध्ययन गरिएका विद्यालयहरूमा हेर्दा पाउनु पर्नेले नै प्राप्त गरेको देखिएकाले यसबारे गुनासाहरू देखिएनन्।

## ५.२. निष्कर्ष

यस अध्ययनको प्राप्ति र विश्लेषणका आधारमा निष्कर्षहरू निमाली निम्नानुसार पस्तुत गरिएको छ।

क) विद्यालयहरूमा हुने द्वन्द्वका कारणले शिक्षामा गुणस्तर कायम हुन सकेको छैन त्यसैले विद्यालयमा मानव स्रोत वा मानवीय व्यवस्था राम्रो बनाए र लैजान आवश्यक छ।

ख) व्दिालयहरूमा मर्यादाक्रम अनुसार सांगाठानिक संम्रचना र जिम्मेवारी को बाँड फाँड नहुदा द्वन्द्व हुने हुनाले उपयुक्त सांगठानिक संम्रचना बनाएर जानु आवश्यम देखिन्छ।

ग) विद्यालयमा सिमित स्रोत साधान हुन्छन् यसमा पनि द्वन्द्वको अवस्था सिर्जना हुन सक्छ। सिमित साधनलाई उपयुक्त प्रयोजनमा लगेर आवश्यकताको पहिचानका आधारमा मात्र प्रयोग गर्नु पर्ने देखिन्छ।

घ) विद्यालयको भौतिक कारणले पनि द्वन्द्वको अवस्था आउने हुनाले भौतिक व्यवस्थापनलाई ध्यान दिनु पर्ने आवश्यकता देखिन्छ।

ङ) योजान बिना काम गर्दा विद्यालयमा द्वन्द्व बढ्ने हुनाले सबैको अगाडि योजना बनाएर कार्यन्वयन गर्नुपर्ने देन्छि।

च) विद्यार्थलाई नियमित गराउने सवालमा पनि अन्तर द्वन्द्व छ। कसरी विद्यार्थीहरू विद्यालयमा नियमित गर्ने भन्ने बारेमा सरोकार वालाहरूले चासो लिन आवश्यक देखिन्छ।

छ) वि.वि. स्रोत व्यक्तिबाट निरन्तर निरिक्षण र अनुगमन गरेर पृष्ठ पोषण गर्दा शिक्षकहरूको मनोबल बढ्ने हुनाले त्यसो गर्नु आवश्यक देखिन्छ।
ज) विद्यार्थीहरूको उपयुक्त ढाँचामा मूल्हयाङ्कन गर्‍यो भने द्वन्द्व नहुने अवस्था देखिन्छ।
झ) विद्यालयमा आचार संहिता बनाएर समान ठंगले कार्यन्वयन गर्‍यो भने द्वन्द्वको अवस्था नआउने स्थिती देखिन्छ।
ञ) विद्यालयमा प्रदान गरिने छात्र वृति, पुरस्कार तथा अन्य सअयोग उपयुक्त विद्यार्थीले प्राप्त गरेमा द्वन्द्व नहुने हुँदा सही छनोटको आवश्यता देखिन्छ।
ट) द्वन्द्व व्यवस्थापनमा प्र.अ. को भूमिका महत्वपूर्ण भएकाले पहिले आफैं नियम र परिधीमा रहने र अरुलाई पनि राख्ने गरेमा द्वन्द्व व्यवस्थापन हुने देखिन्छ।
ठ) विद्यालयको आर्थिक पक्षलाई पारदर्शी बनाउनु पर्ने आवश्यकता देखिन्छ। जसले अनावश्य द्वन्द्व हुन पाउँदैन।
ड) विद्यालयलाई व्यवस्थापन समितिको छनौटमा शिक्षक नियुक्तिमा राजनैतिक आस्था हेर्न नहुने, कार्य क्षमतालाई ध्यान दिनु पर्ने देखिन्छ।

## ५.३. सुझावहरू:

यस अध्ययनको प्राप्ती र निष्कर्षहका आधारमा सम्बन्धित निकायलाई नीति र कार्यक्रममा सुधार ल्याउन तथा कार्यन्वयन गर्न यस अध्ययनले निम्नानुसारका सुझाव प्रस्तुत गरिएको छ।

**क) केन्द्रिय तहका लागि सुझाव:**

१) विद्यालयमा सिमाई उपलब्धीको माप दण्ड तयार गर्ने र माप दण्डमा नपुग्ने विद्यालयलाई पृष्ठपोषण प्रदान गर्ने पुग्नेलाई पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ। केन्द्रिय निकायले यस्तै कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।
२) विद्यालयमा प्र.अ. को नियुक्तिदेखि वढुवा, पदोन्नती सबैमा वेष्ठताक्रम र योग्यतालाई आधार लिनुपर्ने भएपनि तइसको कार्यन्वयन भएको छैन। प्र.वि. स्थाइ र एस.एल.सी मात्र शिक्षक पनि मा.वि.को प्र.अ. कतै कतै भएको पाइन्छ। यो पनि विद्यलयमा हुने द्वन्द्वको कारण हो। त्यसो हुँदा सम्बन्धित निमायले जेष्ठता क्रम र योग्यताको आधारमा प्र.अ. तथा शिक्षकको नियुक्ति गर्नुपर्ने।
३) विद्यालय समधन र स्रोत प्रयोग गर्ने बारे स्पष्ट नीति र नियमको व्यवस्था गर्नुपर्ने।
४) विद्यालयका भौतिक व्यवस्थापन प्रणलीमा छ वा छैन भनी चेक जाँच गरी प्रणलीमा लाने व्यवस्थम मिलाउनु पर्ने।
५) विद्यालय निरीक्षक, स्रोत व्यक्तिलाई वर्षमा यतिदिन निरीक्षण गर्नु भन्ने व्यवस्था मिलाउने।
६) द्वन्द्व व्यवस्थापन सम्बन्धी तालिम, गोष्ठी र सेमिनारको व्उवस्था मिलाउनु पर्ने।
७) विद्यालयमा राज्नेतिक हस्तक्षेप हुन नदिने।
८) विद्यालयलाई शान्ती क्षेत्र र बन्दमूक्र क्षेत्र बनाउने।

**ख) कार्यनयन तहका लागि सुझाव**

१) विद्यालयमा मानवीय स्रोत र शिक्षकको व्यवस्था गर्दा विषयगत जिममेवारी प्रदान गर्ने।
२) विद्यार्थीको भर्नादर बढाउने र कक्षा छाड्ने दरलाई घटाउने।
३) विद्यालयलाई भेदभाव मुक्त क्षेत्र बनाउने।
४) सिकाई उपलब्धिलाई हरेक महिनामा मापन गरिरहने।
५) शिक्षक कर्मचारीको उपयुक्त सांगठानिक संरचना बनाउने।
६) सिमित साधनको अधिकतम प्रयोग हुने वातावरण मिलाउने।

७) विद्यालयको भौतिक पक्षलाई पैणली अनुसार विकास गरेर लाने।
८) विद्यलयमा योजना निर्माण गरेर कार्यन्वयन गर्ने।
९) विद्यार्थीको नियमितता बढाउन आवश्यक पर्ने पुनर्वलको व्यवस्था मिलउने।
१०) निरिक्षण र अनुगमन प्रणलीलाई प्रभावकारी बनाउने।
११) विद्यार्थी मुल्याङ्कमा ध्यान पुऱ्याउने।
१२) विद्यालयमा आचासंहिता निर्माण गरेर कार्यन्वयन गर्ने।
१३) विद्यालयका आर्थिक लगायत सम्पूर्ण पक्षलाई पारदर्शी बनाउने।
१४) केन्द्रिय तहले निर्धारण गरेको नीतिनियमलाई विद्यालयले चुस्त र दुरुस्तसँग कार्यन्वयनमा ल्याने।

उपयुक्त सुझावहरू कार्यन्वयन भएमा विद्यालयमा हुने द्वन्द्वलाई व्यवस्थापन गर्न सकिन्छ।

# सन्दर्भ सामग्री


आचार्य, बलराम (२०५९), नेपाली समाज र संस्कृतिको विश्लेषण, स्टुडेण्टस् बुक्स् एण्ड स्टेसनरी, कीर्तिपुर।

आचार्य, बलराम (२०५८), सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा ।

अधिकारी, विष्णुप्रसाद, (२०६६), माध्यमिक शिक्षा दिग्दर्शन, आशिष पुस्तक भण्डार, बाग्बजार काठमाण्डौ

उप्रेती, तोमनाथ, (२० ६४), शिक्षा शैक्षिक पत्रिका, शिक्षा विभाग, सानोठिमी भक्तपुर।

उप्रेती, विष्णुराज, (२०६१), द्वन्द्व व्यवस्थापन, जलन पुस्तक पसल, बागबजार काठमाण्डौ।

उप्रेती, विष्णुराज, (२०६१), द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधी, जलन पुस्तक पसल, बागबजार काठमाण्डौ।

कट्टेल, दिव्यराज, (२०६६), समाहित शिक्षामा व्यवस्थपनको प्रभावकारिता।, अप्रकासित कृति, त्रि.वि.वि. शिक्षाशास्त्र संकाय, काठमाण्डौ।

कानुन अन्वषण तथा स्रोत विकास केन्द्र, २०६०), द्वन्द्व रुपान्तरण र शान्ति स्थापनार्थ छलफल सामग्रीको संगालो, युरोपेली युनियन।

खनाल, हरिबोल, (२०६५), शिक्षा शैक्षिक पत्रिका, शिक्षा विभाग, सानोठिमी भक्तपुर।

ढकाल, माधवप्रसाद, (२०६३), शिक्षाका आधारहरू, रत्न पुस्तक भण्डार काठमाण्डौ।

थापा, ताराबहादर, (२०६४), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, प्रशान्ति प्रकाशन, काठमाण्डौ।

भट्ट, दीर्घराज, (२०६१), विद्यालय छोडाइमा सामाजिक सांस्कृतिक प्रभाव, अप्रकासित कृति, त्रि.वि.वि. शिक्षाशास्त्र संकाय, काठमाण्डौ।

ज्ञावली, रामप्रसाद, (२०६३) मानव शास्त्र र समाज शास्त्रको सैद्धान्तिक ज्ञान, भुढीपुराण प्रकाशन, काठमाडौ

## अनसूची-१

विद्यार्थीको भर्ना तथा कक्ष छाड्ने स्थितिः

| क.सं. | विद्यालयको नाम | भर्ना भएका विद्यार्थी संख्या | | | कक्षा छाड्ने विद्यार्थीहरूको संख्या | | | कक्षा छाड्ने % |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| | | | | | | | | |

# अनुसूची-२

सतार जाती

| क.स. | विद्यालयको नाम | भर्ना भएका विद्यार्थी | | | परीक्षामा समेल विद्यार्थी | | | उत्तीर्ण विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसूची-३

अध्ययनमा संलग्न विद्यालयको मानवीय पक्ष (शिक्षक) विवरण:

| क.सं. | विवरण | शिक्षक संख्या | उपस्थित | अनुपस्थित | विषयगत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

# अनुसूची-४

विद्यालयको संगठनको संरचना तालिका नं. ४

अनुसूची-५

सिमित स्रोत र साधनको प्रयोग

| क.सं. | विवरण | तलव सरकारी | तलव निजी |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

# अनुसूची-६

अध्ययन संम्लग्न विद्यालयहरूको भौतिक विवरण

| क.सं. | विवरण | प्रर्याप्त | | ठीकै | | कम | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| ९. | | | | | | | |

# अनुसूची-७

विद्यार्थीको नियमितताको अवस्था

| क.सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | पढाई भएको दिन | विद्यार्थीको औसत उपस्थिति |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| | | | | |

# अनुसूची-८

विद्यार्थीको नियमितताको अवस्था

| क.सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | पढाई भएको दिन | विद्यार्थीको औसत उपस्थिति |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| | | | | |

# अनुसूची-९

निरिक्ष तथा व्यवस्थापन विवरण

| क.सं. | विद्यालयको नाम | स्रोत व्यक्ति | वि.नि. | अन्य निकायका व्यक्ति |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| | | | | |

# अनुसुची-१०

मुल्याङ्कन व्यवस्थापन सम्बन्धी विवरण तालिका नं. १०

| क.सं. | विवरण | विद्यालय संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

# अनुसूची-११

आचारसंहिता निर्माण कार्यन्वयन र व्यवस्थापन 　　　　　　　　　　आलिका नं. ११

| क.सं. | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स. | | औसत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४. | | | | | | | | | |

# अनुसूची-१२

छात्रवृति पुरस्कार तथा अन्य सहयोग व्यवस्थापनको प्रभावको स्थिति विवरण। आलिका नं. १२

| क.सं. | विवरण | प्र.अ. | | शिक्षक | | वि.व्य.स. | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३ | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |

# अनसूची-१३

## द्वन्द्व व्यवस्थापनमा प्र.अ.को भूमिका

शिक्षकको लागि प्रश्नावली

विद्यालयको नाम..........................................................................प्रकार .......................

शिक्षकको नाम.................................... लिङ्ग .................... ठेगाना.....................................

पढाउने विषय.........................................

१. नेपालमा द्वन्द्वको वर्तमान अवस्था कस्तो छ?

क) उपयुक्त

ख) अनुपयुक्त

ग) सन्तोषजनक

२. हालका अवस्थामा विद्यालयको वातावरण विद्यार्थीकोलागि कस्तो?

क) सन्तोषजनक

ख) ठीकै

ग) सुधार गर्नुपर्ने

घ) बेठीक

३. तपाईलाई आफ्नो पठनपाठन कस्तो लागेको छ?

क) सन्तुष्ट

ख) सुधार गर्नुपर्ने

ग) असन्तुष्ट

४. तपाईंले आफ्नो विषय शिक्षणको लागि तालिम लिनुभएको छ?

क) अल्पकालीन

ख) दीर्घकालीन

ग) मध्यकालीन

५. तपाईंका विद्यालयले दिएको मासिक तलब पर्याप्त छ?

क) पर्याप्त

ख) अपर्याप्तत

ग) ठीकै

६. प्रभावकारी शिक्षण सिकाई क्रियाकलापका लागि के-के गर्नुहुन्छ?

क) शिक्षकसँग छलफल

ख) अभिभावकसँग छलफल

ग) विद्यार्थी केन्द्रित शिक्षण

घ) शिक्षण केन्द्रित शिक्षण

७. के-कस्ता शैक्षिक सामग्रीहरू प्रगोग गर्नु भएको छ?

क) श्रव्य

ख) दृश्य

ग) दुवै

८. विद्यालयमा द्वन्द्व हटाउन वि.व्य.स. र प्र.अ.बाट के-कस्ता प्रयास भएका छन्?

क) छलफल

ख) परामर्श

ग) अन्तरक्रिया

घ) माथिका सबै

## अनसूची-१४

### द्वन्द्व व्यवस्थापनमा प्र.अ.को भूमिका

विद्यार्थीको लागि प्रश्नावली

विद्यर्थीको नाम........................................................ लिङ्ग ................... .................

विद्यालयको नाम................................... उमेर.....................................

कक्षा.....................................

१. शिक्षकले पढाउँदा शैक्षिक साममग्री प्रयोग गर्छन कि गर्दैनन्?

क) गर्छन्

ख) कहिलेकहीँ गर्छन्

ग) गर्दैनन्।

२. शिक्षकले तिमीहरूलाई कस्तो व्यवहार गर्छन्?

क) माया गर्छन्

ख) घृणा गर्छन्

ग) माथिका दुवै

३. तिम्रो विद्यालयमा प्र.अ. को भूमिका कस्तो छ?

क) प्रभावकारी

ख) ठिकै

ग) सुधार गर्नुपर्ने

४. सबै विद्याथीृको भावना अनुसार शिक्षकले पढाउँछन्?

क) पढाउँछन्

ख) पढाउँदैनन्

ग) थाहा छैन

५. तिम्रो विद्यालयमा शिक्षक र विद्यार्थी बीच के विषयमा द्वन्द्व भएको छ?

क) पढाइको विषयमा

ख) खेलकुदको विषयमा

ग) शैक्षिक भ्रमणको विषयमा

घ) व्यत्तिगत विषमा

# अनसूची-१५

## द्वन्द्व व्यवस्थापनमा प्र.अ.को भूमिका

अभिभावकको लागि प्रश्नावली

नाम........................................................ लिङ्ग ................... .................

टोल.................................. उमेर.....................................

१. तपाईको बच्चा कुन तहमा पढ्छन्?

क) प्र.वि.

ख) नि.मा.वि.

ग) मा.वि.

घ) उ.मा.वि.

२. बच्चाको पढाईको बारेमा प्र.अ.सँग सोधखोज गर्नुभएको छ कि छैन?

क) पाक्षिक गर्छु

ख) मासिक गर्छु

ग) गर्दिन

३. वि.व्य.स. गठन हुँदा तपाई सहभागी हुनु भयो, भएन?

क) भएँ

ख) पत्राचार नै भएन

ग) भइन

४. तपाई विद्यालयको व्यवस्थापनमा सन्तुष्ट हुनुहुन्छ?

क) ठिकै

ख) पूर्ण सन्तुष्ट

ग) असन्तुष्ट

५. विद्यालयमा शिक्षकहरूसँग के विषयलाई लिएर द्वन्द्व भएको छ?

क) पढाइको विषयलाई लिएर

ख) भवन निर्माणको विषयउलाई लिएर

ग) छोराछारी पास भएनन् भनेर

## अनसूची-१४

द्वन्द्व व्यवस्थापनमा प्र.अ.को भूमिका

प्र.अ.को लागि प्रश्नावली

नाम........................................................ लिङ्ग .................... .................

विद्यालयको नाम.................................... उमेर.....................................

१. तपाईका विद्यालयमा भौतिक अवस्था कस्तो छ?

क) राम्रो

ख) ठीकै

ग) सुधार गर्नुपर्ने

२. तापाईको विद्यालयमा कुन विषयलाई लिएर द्वन्द्व भएको छ?

क) पढाइको विषलाई लिएर

ख) वि.व्य.स. गठनको विषयलाई लिएर

गं) भौतिक संरचनाको विषयलाई लिएर

३. विद्यालयमा शिक्षक कर्मचारी बीचको सम्बन्ध कस्तो छ?

क) राम्रो

ख) ठीकै

ग) सुधार गर्नुपर्ने

४. वि.व्य.स.को विद्यालयप्रतिको चासो कस्तो छ?

क) राम्रो

ख) नराम्रो

ग) ठीकै

५. विद्यालयको द्वन्द्व व्यवस्थापन गर्न के गर्नुपर्ला?

क) वि.व्य.स.सँग छलफल

ख) शिक्षक कर्मचारीबीच छलफल

ग) सरोकारवाला सबैसँग समन्वय

## अनसूची-१५

द्वन्द्व व्यवस्थापनमा प्र.अ.को भूमिका

वि.व्य,.स. अध्यक्षको लागि प्रश्नावली

नाम....................................................... लिङ्ग .................... .................

विद्यालयको नाम.................................... उमेर.....................................

ठेगाना............................................

१. व्यवस्थापन समितिको अध्यक्ष बन्न तपाईलाई के कुराले प्रेरित गरेको हो?

क) विद्यालय विकासका लागि

ख) समाज सेवाका लागि

ग) माथिका दुवै

२. विद्यालयमा हुने द्वन्द्व व्यवस्थापन गर्न के-के गर्नुहुन्छ?

क) शिक्षकहरूसँग छलफल

ख) अभिभावकहरूसँग छलफल

ग) माथिका दुवै

३. तपाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदकाट सन्तुष्ट हुनुहुन्छ?

क) ठीकै

ख) सन्तुष्ट

ग) असन्तुष्ट

४. विद्यालय व्यवस्थपन समितिको बैठक नियमित रुपमा बस्छ वा बस्दैन?

क) बस्छ

ख) कहिलेकहीँ बस्छ

ग) बस्दैन

५. तपाईको विद्यालयमा मानवीय व्यवस्थापनको पक्ष कस्तो छ?

क) राम्रो छ

ख) ठीकै छ

ग) सुधार गर्नुपर्ने छ